# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ३० | काठमाडौं | मंगलबार, ९ जेठ २०८० | Prabhab National Daily | Tuesday, May 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


व्यापारीको फन्दामा कृषिमन्त्री भुसाल

## भारतबाट धूलो दूध ल्याउन दिने तयारी






- धूलो दूध आयात स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास बोर्डको बैठकबाट प्रस्ताव कृषि मन्त्रालयमा पेस
- छिटो नाफा गर्न नेपालमा उत्पादन गरिएको दूधभन्दा भारतले उत्पादन गरेको दूध नै सहज भएकाले व्यापारी अहिले जसरी पनि धूलो दूध ल्याउने तयारीमा
- भारतबाट धूलो दूध आयात रोक्न लाग्दा चक्रपाणि खनालको मन्त्री पदसमेत गुमेको थियो

■ **वैकुण्ठ भण्डारी**

**काठमाडौं–** नेपाली किसानले उत्पादन गरेको दूध नै खेर जाने अवस्था आउँदा डेरी उद्योगी भने भारतबाट धूलो दूध ल्याउने तयारीमा लागेका छन् । डेरी उद्योगीको चाँडो कमाउने धन्दालाई कृषि तथा पशुपन्छी विकासमन्त्री डा. बेदुराम भुसालले सदर गर्ने तयारीसमेत गरेको बुझिएको छ ।

मन्त्री भुसाल चाँडो कमाउने उद्देश्यका साथ अघि बढेका डेरी उद्योगीको फन्दामा परेका कारण भारतीय धूलो दूध भित्रिन लागेको व्यवसायीहरूको दाबी छ । नेपाली किसानले उत्पादन गरेको दूधलाई पूर्णरूपमा बेवास्ता गर्ने, तोकिएको मूल्य नदिने समस्या अहिले पनि यथावत् छ । नेपालमा दूधको उत्पादन प्रशस्त भएको बेलासमेत डेरी उद्योगीहरूले भारतबाट धूलो दूध आयात गरी झोल बनाएर उपभोक्तासम्म पुऱ्याउने गरेका थिए । छिटो नाफा गर्न नेपालमा उत्पादन गरिएको दूधभन्दा भारतले उत्पादन गरेको दूध नै सहज भएकाले व्यापारी अहिले 'एनिहाउ' धूलो दूध ल्याउने तयारीमा जुटेका छन् ।

**मन्त्रीसँग कसरी मिलाउँदै छन् सेटिङ ?**

पूर्वकृषिमन्त्री चक्रपाणि खनालको पालामा भारतबाट धूलो दूध आयात गर्न रोकिएको थियो । त्यसबेला भारतबाट धूलो दूध आयात गर्न रोकेकै कारण खनालले मन्त्री पदबाट हात धुनु परेको थियो । अहिले फेरि धूलो दूधको खेल सुरु भएको छ । धूलो दूध आयात (**बाँकी पृष्ठ २ मा**)

नक्कली शरणार्थी प्रकरण

# साढे २७ करोडको बिगो, ३३ जनाविरुद्ध मुद्दा चलाउन राय

पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाणसहित ३३ जनाविरूद्ध ठगी, संगठित अपराध, राज्यविरूद्धको अपराध, सम्पत्ति शुद्धीकरण र भ्रष्टाचारसम्बन्धी मुद्दा चलाउन सिफारिस

■ **जेबी योञ्जन**

**काठमाडौं–** नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र पूर्वगृहमन्त्री बालकृष्ण खाणसहित ३३ जनाविरुद्ध मुद्दा चलाउन प्रहरीले सरकारी वकिल कार्यालय काठमाडौंलाई राय दिएको छ ।

आरोपितहरूबाट २७ करोड ५० लाख ५७ हजार बिगो असुल गर्नसमेत प्रहरीको राय छ । ठगी, संगठित अपराध, राज्यविरुद्धको अपराध, कीर्ते, सम्पत्ति शुद्धीकरण र भ्रष्टाचार मुद्दा पनि आरोपितहरूविरुद्ध चलाउन राय दिएको प्रहरी परिसर काठमाडौंका प्रवक्ता सीताराम रिजालले बताए ।

उनका अनुसार ११३ जना पीडितका २३ वटा उजुरीका आधारमा अनुसन्धान गरेर ती शीर्षकहरूमा मुद्दा चलाउन वकिल कार्यालयलाई राय दिइएको हो । उनले प्रभावसँग भने, 'अझै १७ जना फरार छन् । उनीहरू पक्राउ परेपछि अनुसन्धान गर्दा थप कसूर आकर्षित हुने देखिए अन्य शीर्षकमा मुद्दा चलाउन राय दिन पनि सक्छौं ।'

लामो अनुसन्धानपछि सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाए पनि प्रहरी अझै पीडितहरूबाट उजुरी कुरिरहेको छ । किनभने, यस प्रकरणमा पक्राउ परेका आरोपीहरूले पीडितको संख्या ८७५ जना भनेका छन् । तर, उजुरी १२३ जनाको मात्रै पऱ्यो । त्यही भएर अझै पीडितहरूको उजुरी कुर्नु परेको प्रहरी प्रवक्ता रिजालले बताए ।

प्रहरीले गत १२ चैतमा सानु भण्डारी, केशव दुलाल, टंक गुरुङसहितका आरोपीहरूलाई पक्राउ गरेको थियो । उनीहरूको बयानका आधारमा एमाले सचिव तथा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, पूर्वसभासद आङटावा शेर्पादेखि भुटानी शरणार्थी नेता टेकनाथ रिजालसहितका उच्च पदस्थ अधिकारीहरू पक्राउ परेका हुन् ।

> अझै १७ जना फरार छन् । उनीहरु पक्राउ परेपछि अनुसन्धान गर्दा थप कसूर आकर्षित हुने देखिए अन्य शीर्षकमा मुद्दा चलाउन राय पनि पनि सक्छौं ।
>
> ■ **सीताराम रिजाल**
> **प्रवक्ता, काठमाडौं प्रहरी परिसर**

———ooo———

> मुद्दा बलियो हुने भनेकै बयान र कसूरजन्य प्रमाणले हो । प्रहरीको मिसिलमा के छ ? बयान र प्रमाणको आधारमा मुद्दा चल्ने/नचल्ने निर्णय हुन्छ ।
>
> ■ **अच्युतमणि नेउपाने**
> **प्रमुख, सरकारी वकिल कार्यालय**

### को कहिले पक्राउ ?

- १२ **चैत** : केशव दुलाल, सानु भण्डारी र टंक गुरूङ पक्राउ
- १९ **वैशाख** : डा. इन्द्रजित राई पक्राउ
- २० **वैशाख** : पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीका छोरा सन्दीप पक्राउ
- २० **वैशाख** : पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीकविरूद्ध पक्राउ पुर्जी
- २० **वैशाख** : पूर्वगृहसचिव टेकनारायण पाण्डे पक्राउ
- २७ **वैशाख** : एमाले सचिवबाट टोपबहादुर निलम्बित
- २७ **वैशाख** : पूर्वगृहमन्त्री बालकृष्ण खाण र उनका स्वकीय सचिव नरेन्द्र केसी पक्राउ
- ३१ **वैशाख** : फरार टोपबहादुर पक्राउ
- १ **जेठ** : पूर्वसभासद आङटावा शेर्पा प्रहरीमा आत्मसमर्पण
- २ **जेठ** : टोपबहादुरसहित १३ जनाको बयान सकियो
- ८ **जेठ** : प्रतिवेदन सरकारी वकिल कार्यालयमा

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरेको ठगी कार्यमा रायमाझी, खाण र पाण्डेलाई प्रहरीले नीतिगत निर्णय गरेर गिरोहहरूलाई सहज वातावरण बनाएको निष्कर्ष अनुसन्धानपछि निकालेको छ । उनीहरूले सार्वजनिक पदमा रहेर राष्ट्रहितविपरीतका कसूर गरेकाले भ्रष्टाचारसँगै, ठगी, संगठित अपराध र राज्यविरुद्धको अपराध आकर्षित हुनेगरीको बयान, प्रमाणसहितको विवरण वकिल कार्यालयमा पेस गरिएको पनि (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

बेलायतमा मौसमी कामदार भिसा विस्तार

# बागवानी र पोल्ट्री फार्मका लागि पनि अनुमति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बेलायत सरकारले आफ्नो मौसमी कामदार भिसा योजना विस्तार गर्दै आप्रवासी कामदारहरूलाई बागवानी तथा पोल्ट्री फार्ममा काम गर्न अनुमति दिने भएको छ । ब्रेक्जिट र युक्रेन युद्धका कारण युरोपेली कामदारहरूको संख्या घट्दै गएपछि कामदार अभावलाई सम्बोधन गर्ने लक्ष्यकासाथ उक्त योजना ल्याइएको बताइएको छ ।

मौसमी कामदार भिसा योजनाले आप्रवासी कामदारहरूलाई फलफूल, तरकारी वा बालीनाली टिप्ने वा पोल्ट्री प्रशोधनजस्ता विशेष कामहरूमा काम गर्न छ महिनासम्म बेलायत रहने अनुमति दिने प्रतिष्ठित सञ्चारमाध्यम द गार्जियनले जनाएको छ । मौसमी कामदारको रूपमा बेलायत प्रवेशका लागि प्रायोजक हुनु अनिवार्य रहेको छ भने २६० पाउण्ड आवेदन शुल्क तिर्न र पर्याप्त व्यक्तिगत बचत छ भन्ने प्रमाणित गर्नुपर्ने जनाइएको छ ।

यस योजनाअन्तर्गत सन् २०१९ मा दुई हजार ५०० भिसा जारी गरे पनि २०२०, २०२१ र २०२२ मा भिसा विस्तार गर्दै ६० हजार भन्दा बढी आप्रवासी कामदारले भिसा पाउन सफल भए । यसले श्रमिक अभावलाई हल गर्न भिसा संख्याको सीमालाई हटाउन सरकारकार तयार रहेको संकेत गरेको सञ्चारमाध्यमले उल्लेख गरेको छ । बेलायतले यस बर्ष झण्डै ५० हजार मौसमी कामदार लिने बताइएको छ ।

सरकारले ल्याएको भिसा विस्तार योजनाले कामदारहरूका लागि आधुनिक दासत्व र शोषणको जोखिम निम्त्याउने श्रम अधिकार विज्ञहरूले चेतावनी दिएका छन् । उनीहरूले उच्च ऋण, कमजोर कामको अवस्था र सीमित अधिकारहरू सामना गर्न सक्ने कामदारहरूको सम्भावित शोषण र दुर्व्यवहारको बारेमा चिन्ता गरेका छन् । युरोपको तुलनामा कम श्रम सुरक्षा भएका देशहरू इन्डोनेसिया, नेपाल, भियतनाम, कीर्गिस्तान र काजाकिस्तानबाट आउने कामदारहरूले हवाई भाडा र भिसाको लागत बेहोर्न ठूलो मात्रामा ऋण लिनुपर्ने परिस्थितिका कारण उनीहरूलाई जबर जस्ती श्रम र दुर्व्यवहारको लागि कमजोर बनाउनसक्ने औंल्याइएको छ । श्रम क्षेत्रमा काम गर्ने त्यहाँको एक श्रम प्रदायक संघले हालै सार्वजनिक गरेको प्रतिवेदनमा आप्रवासी कामदारको सुरक्षालाई प्राथमिकता दिन र शोषण रोक्ने योजनाका नियमहरूलाई तत्कालै कार्यान्वयनमा ल्याउन आवश्यक रहेको उल्लेख गरेको छ । प्रतिवेदनले रोजगारदातालाई नियमन गर्न र श्रम शोषण रोक्न जिम्मेवार निगरानीकर्ता 'ग्याङ्मास्टर्स र श्रम दुरूपयोग प्राधिकरण' (जिएलएए) द्वारा योजनाको निरीक्षण र कार्यान्वयनमा भएको कमीको पनि आलोचना गरेको छ । निगरानीको अभावमा रोजगारदाताहरूले कामदारहरूको ज्याला र काम गर्ने समयको बारेमा भ्रमित गरेको र आवास, यातायात र खानाको तलबबाटै कटौती गरेको प्रतिवेदनमा जनाइएको छ ।

यद्यपि, बेलायत सरकारले आप्रवासी मौसमी कामदार भिसा योजनालाई बागवानी तथा कृषि क्षेत्रमा कामदार अभाव हुन नदिन चालिएको कदमको रूपमा प्रस्तुत गरेको गार्जियनले जनाएको छ । यस योजनालाई सफल बनाउन श्रमिकहरूलाई शोषण र दुर्व्यवहारबाट जोगाउन योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र स्वतन्त्र नियामकद्वारा अनुगमन हुने अवस्था सुनिश्चित गर्न आवश्यक रहेको बताइएको छ ।

# स्वीजरल्याण्ड र दुबई पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि स्वीजरल्याण्ड र दुबई पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । उल्लिखित मुलुकमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम संकलन गरी फरार रहेको आरोपमा पार्वती थापा र उमेश रिमाललाई प्रहरीले पक्राउ गरेको हो ।

बनेपा नगरपालिका, काभ्रे स्थायी घर भई हाल बाँके, कोहलपुर नगरपालिका दशविगा बस्ने ४६ वर्षीया थापासमेतले तुलाराम मगरलाई स्वीजरल्याण्ड जान सात लाख २० हजार लाग्ने र सुपरमार्केटमा प्याकिङसम्बन्धी काम लागाइदिने भन्दै पटक-पटक गरी पूरै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितलाई सुपरमार्केटमा काम गरेबापत एक लाख रूपैयाँ मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । थापालाई खोजतालासका क्रममा सोमबार काठमाडौं गोंगबुबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै चौंरीदेउराली गाउँपालिका काभ्रे नै स्थायी घर भई हाल काठमाडौं कपन बस्ने २९ वर्षीय रिमालले रोजगारीका लागि दुबईको एक कुखुरा फार्ममा काम लगाइदिन्छु भनी अनिष श्रेष्ठसहित १७ जनासँग पटक-पटक गरी नौ लाख ५० हजार रूपैयाँ लिएर फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पीडितहरूलाई दुबई जान प्रतिव्यक्ति दुई लाख रूपैयाँ लाग्ने र मासिक ५० हजार रूपैयाँभन्दा बढी तलब हुने भन्दै विश्वास दिलाई रोजगारीको प्रलोभनमा पारी उल्लिखित रकम संकलन गरी सम्पर्कविहीन अवस्थामा उनलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । रिमाललाई आइतबार नयाँ बानेश्वरबाट पक्राउ गरिएको हो ।

उनीहरू दुवै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभागले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।







**विज्ञापन बोर्डमा धर्ना** | **विज्ञापन बोर्डले सञ्चार माध्यमलाई दिँदै आएको सुविधा कटौती गरेको विरोधमा सोमबार नेपाल पत्रकार महासंघ उपत्यका प्रदेशको अगुवाइमा बोर्डको कार्यालय बबरमहलमा धर्ना दिँदै पत्रकार ।** *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# नीति कार्यक्रममा समर्थन र विरोध

**काठमाडौं (प्रस)-** सरकारले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा छलफल जारी छ ।

सोमबार पनि सांसदहरूले नीति तथा कार्यक्रममाथि आफ्ना धारणा राखे । बैठकमा सत्ता पक्षका सांसदहरूले नीति कार्यक्रम राम्रो रहेको बताउँदै कार्यान्यवनमा जोड दिनुपर्ने बताए । प्रतिपक्षका सांसदहरूले नीति तथा कार्यक्रमले अहिलेको देशको समस्या समाधान गर्नेगरी कार्यक्रम नरहेको टिप्पणी गरे ।

बैठकमा सत्तारुढ दल नेपाली कांग्रेसका सांसद वीरबहादुर बलायरले नीति तथा कार्यक्रमले पछाडि परेका समुदाय, दलित, महिला सबैका विषय समेट्नुपर्ने र समग्रमा मुलुकको विकास र समृद्धिका लागि बजेट बनाउनुपर्ने सुझाव दिए ।

सोही दलका अर्का सांसद डा. नारायण खड्काले देशमा भ्रष्टाचारको अन्त्य गरी विद्युत् उत्पादनलाई बढाएर धेरै रोजगारीका अवसर सिर्जना गराउने बजेट आश्यक भएको उल्लेख गरे ।

अर्का कांग्रेसी सांसद तेजुलाल चौधरीले नीति तथा कार्यक्रममा पिछडिएको क्षेत्र, वर्ग र समुदायका लागि ठोस कार्यक्रम समावेश गर्न आग्रह गरे ।

प्रमुख विपक्षी दल नेकपा (एमाले)का सांसद भीमप्रसाद आचार्यले वर्तमान समस्याको समाधान गर्ने खालको नीति तथा कार्यक्रम नआएको टिप्पणी गरेका छन् ।

सांसद रघुजी पन्तले स्वेदशमै रोजगारीको व्यवस्था गरेर जनतामा आशा जगाउन नीति तथा कार्यक्रम स्पष्ट नभएको टिप्पणी गरे ।

सोही दलका सांसद ठाकुर गैरेले नीति तथा कार्यक्रममा सामाजिक र आर्थिक वृद्धि गर्ने खालको योजना नभएको भन्दै त्यसलाई समावेश गर्न माग गरे ।

सत्ता नेतृत्व दल नेकपा (माओवादी केन्द्र)का सांसद माधव खतिवडाले सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम उत्कृष्ट भएको र त्यसको कार्यान्वयमा जोड दिनुपर्ने बताए ।

बैठकमा कांग्रेसकै सांसदहरू प्रदीप पौडेल, रामहरि खतिवडा, राजु थापा, राजेन्द्र बजगाईं, प्रतिमा गौतम तथा कुसुमदेवी थापा, एमाले सांसद ईश्वरबहादुर रिजाल, विद्या भट्टराई, अम्बरबहादुर रायमाझी, माओवादी सांसद छिरिङ डम्डुल लामा भोटे र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालले पनि नीति तथा कार्यक्रममाथि धारणा राखेका थिए ।

छलफल यही ११ जेठसम्म हुने सभामुख देवराज घिमिरेले जानकारी दिए । प्रतिनिधिसभाको अर्को बैठक आज बिहान ११ बजेपछि बस्नेछ ।

# नेपाललाई आर्थिक अपराधको डर

**काठमाडौं (प्रस)-** संसदीय समितिमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफल सुरु भएको छ ।

संघीय संसद्, कानुन, न्याय तथा मावन अधिकार समितिको सोमबारको बैठकमा उक्त विधेयकमाथिको छलफलमा भाग लिँदै सदस्यहरूले अवैधरूपमा हुने सम्पत्ति आर्जन र अनधिकृत आर्थिक कारोबारलाई निस्तेज तुल्याउने हिसाबले विधेयकलाई समृद्ध बनाउन आवश्यक रहेको बताए ।

बैंकिङ, प्रविधि र व्यवसायको विश्वव्यापीकरणसँगै आर्थिक अपराधसमेत बढ्दै गएको स्थितिमा जुनसुकै देशमा अपराध गर्न सकिने अवस्था रहेको र देशबाट हुने पुँजी पलायन रोक्न कानुनी व्यवस्था आवश्यक भएकालेले सरकारले विधेयक ल्याएको हो । विप्रेषणलाई हुण्डीमार्फत विदेशमै रोक्ने तथा राजस्व छल्नेजस्ता आर्थिक अपराध गर्ने, आपराधिक आर्जनको विदेशमा नै भुक्तानी लिने र व्यवस्थापन गर्नेजस्ता कार्यविरुद्ध कारबाही चलाउन पर्याप्त कानुनी व्यवस्था गर्ने विधेयकको उद्देश्य रहेको छ ।

बैठकमा समिति सदस्य एवं कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले विधेयक सम्पत्ति शुद्धीकरण, घरजग्गा कारोबार, हुण्डी तथा सहकारी र मानव बेचबिखनसँग जोडेर आउने गलत प्रवृत्तिलाई रोक्नेतर्फ लक्षित रहेको धारणा राखे ।

पूर्वसभामुखसमेत रहेका समिति सदस्य सुवासचन्द्र नेम्वाङले विधेयकलाई पूर्णता दिँदै अघि बढाउने सिलसिलामा सत्तापक्ष र प्रतिपक्षबीच एउटै मत भएकाले यथाशक्य छिटो पारित हुने बताए । सम्पत्ति शुद्धीकरणलाई कडाइ गर्ने र विदेशी लगानी भित्र्याउने सन्दर्भमा बाधाअड्चन नपुगोस् भन्न समयमै ध्यान पुऱ्याउन समितिका अन्य सदस्यहरूले सुझाए ।

ज्येष्ठ सदस्य मंगलप्रसाद गुप्ताको अध्यक्षतामा बसेको बैठकमा १४ जना सदस्यले विधेयकसँग केन्द्रित भई धारणा राखेका थिए ।

विधेयकलाई संसद्बाट पारित गराई कार्यान्वयनमा ल्याउन सकेमा सम्पति शुद्धीकरण निवारणसम्बन्धी नेपालको कानुनी व्यवस्था अन्तर ाष्ट्रिय मापदण्डअनुसार हुने र प्रभावकारीरूपमा कारबाही चलाउन सहज हुने विश्वास लिइएको छ ।

# आजदेखि सडकमा सम्पदा बस

**काठमाडौं (प्रस)-** नेपाल पर्यटन बोर्डको अगुवाइमा आजदेखि 'हफ अन हफ अफ बस' सञ्चालनमा ल्याइने भएको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) डा. धनञ्जय रेग्मीले विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौं उपत्यकाभित्रका सम्पदाहरूमा सम्पदा घुम्ती बस सेवाका रूपमा 'हफ अन हफ अफ बस' सञ्चालन हुन गइरहेको जानकारी दिए ।

'पर्यटनमन्त्री सुदन किरातीको विशेष चासोमा समयमा सम्पदा बस सञ्चालनमा आउन लागेको हो', उनले भने, 'विश्वका प्रायःजसो पर्यटन क्षेत्रमा यस्तो बस सेवा सञ्चालनमा छ । नेपालमा लामो समयसम्म चर्चा चले पनि यसपटक बोर्डले घाटामै भए पनि सञ्चालन गर्न लागेको हो ।'

बोर्डका अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको सहकार्यमा दुईवटा इलेक्ट्रोनिक साझा बस सम्पदा बसका रूपमा सञ्चालन हुने छन् ।

ललितपुर महानगरपालिकाबाट सुरु हुने 'हफ अन हफ अफ बस' सेवाले काठमाडौं दरबार स्क्वायर, नारायणहिटी दरबार सङ्ग्रहालय, पशुपतिनाथ मन्दिर, बौद्धनाथ र स्वयम्भूसम्म घुम्ती सेवा सञ्चालन हुनेछ ।

'दुईवटा बस प्रत्येक ठाउँमा आधा घन्टादेखि ४५ मिनेटमा सञ्चालन हुनेछ । केही दिन निःशुल्क चलाएर त्यसपछि शुल्कको व्यवस्था गरिनेछ', उनले भने ।

## साढे २७ करोड...

पृष्ठ १ बाट जारी

प्रहरीले जनाएको छ ।

आरोपीहरू भण्डारी र दुलाललाई प्रहरीले मुख्य योजनाकार भनेको छ । पूर्वगृहमन्त्री थापाका सुरक्षा सल्लाहकार राईलाई बिचौलिया संरक्षक र नीतिगत निर्णयको माहोल बनाउन जिम्मेवार रहेको दाबी गरेको छ । उनका छोरा निरजको पनि बिचौलिया संरक्षण गर्ने भूमिका देखिएको प्रहरीले अनुसन्धानपछि दाबी गरेको छ । उनी भने फरार छन् ।

पूर्वगृहमन्त्री थापाका फरार रहेका छोरा प्रतीक र पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा सन्दीपको पनि भूमिका बिचौलिया संरक्षक देखिएको भन्दै प्रहरीले उनीहरूविरुद्ध ठगी, संगठित अपराध, कीर्ते र सम्पत्ति शुद्धीकरण मुद्दा चलाउन राय दिएको छ ।

शरणार्थी नेता टेकनाथविरुद्ध भने शरण लिएको देशमा बसेर उक्त देशको राष्ट्रहित विपरीतको कसूर गरेको, ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा चलाउन प्रहरीको राय छ ।

अन्य आरोपीहरू सागर राई, सन्देश शर्मा, टंक गुरुङ, गजेन्द्र बुढाथोकी, गोविन्द चौधरी, नरेन्द्र केसी र रामशरण केसीको भूमिका अमेरिका जान चाहनेको खोजी गर्ने खुलेको प्रहरीले जनाएको छ । उनीहरूविरुद्ध पनि ठगी, संगठित अपराध, र सम्पत्ति शुद्धीकरणमा मुद्दाको अभियोजन गर्न राय दिएको प्रवक्ता रिजालले बताए ।

गृह मन्त्रालयमातहतको हज समिति अध्यक्ष शमशेर मियाँलाई गिरोहहरूलाई सहयोग गरेर मतियार बनेको कसूरलगायतमा मुद्दा चलाउन प्रहरीको सिफारिस छ । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले प्रहरीले बुझाएको मिसिलसहितको अनुसन्धान प्रतिवेदन अध्ययन सुरु गरिएको बताएका छन् । अब दुई-तीन दिनमा मुद्दा काठमाडौं जिल्ला अदालतमा पुग्ने उनको भनाइ छ ।

उनका अनुसार पक्राउ परेका आरोपीहरूको बयान, बयानलाई प्रमाणित गर्ने कागजात, परीक्षण प्रतिवेदनलगायत आधारमा मुद्दा चल्ने कि नचल्ने र यदि चल्ने भए कुन शीर्षकमा मुद्दा चल्छ भन्ने निर्णय वकिल कार्यालयले गर्छ । जस आधारमा आरोपीहरूलाई कैद सजाय र जरिवानासहितको माग दाबी गरिने सहन्यायाधिवक्ता नेउपानले बताए ।

'मुद्दा बलियो हुने भनेकै बयान र कसूरजन्य प्रमाणले हो । प्रहरीको मिसिलमा के छ ? बयान र प्रमाणको आधारमा मुद्दा चल्ने/नचल्ने निर्णय हुन्छ,' नेउपानेले भने ।

उनले प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदन थप अध्ययन गरेर मुद्दाबारे निर्णय लिन आठ जनाको टोली तयार गरेको बताएका छन् । यही बुधबारसम्ममा टोलीले मुद्दाबारे निर्णय लिएर अदालतमा मुद्दाको अभियोजन गर्नुपर्ने छ । किनभने, सोही दिनसम्म मात्रै वकिल कार्यालयले मुद्दाको अभियोजन गर्नुपर्ने हदम्याद छ ।

यद्यपि, यो प्रकरणमा नाम जोडिएका तर अहिले प्रमाण नभेटिएका व्यक्तिबारे प्रमाण भेटिएपछि उनीहरूलाई मुद्दा चलाउन मिल्नेगरी अभियोगपत्र तयार पारिने नेउपानेले बताए ।

यता काठमाडौं प्रहरीले आरोपीहरूलाई आजसम्म हिरासतमा राख्न जिल्ला अदालत काठमाडौंबाट अनुमति पाएको छ । हाल रायमाझी, खाणसहितका १६ जना आरोपी प्रहरी हिरासतमा छन् । बाँकी फरार आरोपीहरूको खोजिमा प्रहरी सक्रिय छ ।

## ओली टिमको 'कनेक्सन' !

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीका स्वकीय सचिव राजेश बज्राचार्यसमेत नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका छन् । सोमबार प्रहरी परिसर काठमाडौंले सरकारी वकिल कार्यालय काठमाडौंमा बुझाएको प्रकरणको अनुसन्धान प्रतिवेदनमा बज्राचार्यको पनि नाम उल्लेख छ ।

एक प्रहरी अधिकारीका अनुसार प्रतिवेदनमा उनीसँगै पूर्वगृहमन्त्री रामबहादुर थापा, श्रीमती तथा सांसद नैनकला थापा, पूर्वगृहसचिव तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राई र एमालेका पूर्वप्रदेश सांसद अजयक्रान्ति शाक्यको पनि नाम छ ।

प्रभावसँगको संक्षिप्त कुराकानीका क्रममा प्रहरी परिसर काठमाडौंका प्रवक्ता रिजालले प्रतिवेदनमा औंल्याइएकाहरूको हकमा कसूरजन्य प्रमाण फेला पर्ने बित्तिकै नियन्त्रणमा लिएर अनुसन्धान गरिने बताएका छन् । त्यसपछि फेरि वकिल कार्यालयमा पुरक अनुसन्धान प्रतिवेदन लिएर जाने बताए ।

तत्कालीन गृहमन्त्री थापा र राई गृहसचिव हुँदा शरणार्थीको दीर्घकालीन व्यवस्थापन गर्न भनेर पूर्वसहसचिव बालकृष्ण पन्थीको नेतृत्वमा कार्यदल गठन भएको थियो ।

## भारतबाट...

पृष्ठ १ बाट जारी

गर्न स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास बोर्डको बैठकले प्रस्ताव कृषि मन्त्रालयलाई पेस गरिसकेको छ । बोर्डमा सदस्य रहेको डेरी उद्योगका मालिकहरूले बोर्डका कार्यकारी निर्देशकलाई आफ्नो प्रभावमा पारेर धूलो दूध आयात गर्ने व्यवस्था मिलाउन सेटिङ गरेका हुन् ।

धूलो दूध आयात गर्न बोर्डका कार्यकारी निर्देशक राजेन्द्र यादवलाई डेरी एसोसिएसन नेपालका अध्यक्ष प्रल्हाद दाहालले सेटिङ मिलाएका हुन् । यादव र दाहाल दुवै एमालेनिकट मानिन्छन् । यसअघि खनालले धूलो दूध आयात प्रतिबन्ध गरेपछि उनको विरुद्ध त्यसबेलाका डेरी एसोसिएसनका अध्यक्ष सुमित केडिया खुलेरै लागेका थिए । उनलाई त्यसबेला डेरी एसोसिएसनका महासचिव रहेका दाहालले लाइन मिलाउने काम गरेका थिए ।

राजनीतिक दलहरूसँग नजिक सम्बन्ध राख्ने, चाँडै फाइदा लिनसक्ने चतुर डेरी उद्यमीका रूपमा चिनिन्छन् दाहाल । डेरी एसोसिएसन नेपालको अध्यक्षमा सीताराम डेरीका साहु सुमित केडिया हुँदा चितवन मिल्क बन्द गराउनुपर्छ भन्ने लबिइङमा लागेका थिए उनी । त्यसबेला कृषिमन्त्री हरिप्रसाद पराजुली थिए । जसले मिल्क होलिडेका नाममा किसानहरूले सडकमा दूध पोख्ने अवस्था आउन नदिन चितवन मिल्कलाई किसान, दुग्ध सहकारी र सरकारी संस्थाले सञ्चालन गर्ने गरी खरिद प्रक्रियासमेत अघि बढाएका थिए । तर, त्यसबेला केडियाकै पहलमा उक्त प्रक्रिया तुहिएको थियो ।

त्यसबेला चितवन मिल्क बन्द अवस्थामा थियो भने 'मिल्क होलिडे' भएको भन्दै किसानहरूले सडकमा दूध फालिरहेका थिए । देशमा मिल्क होलिडे हुन नदिने धूलो दूध उत्पादन गर्ने चितवन मिल्कलाई जसरी हुन्छ सञ्चालनमा ल्याउने पक्षमा तत्कालीन मन्त्री पराजुली लागेका थिए । किसानका पक्षमा उभिँदाउभिँदै असार १५ को धान दिवसले पराजुलीको मन्त्री पद नै गयो ।

### धूलो दूध नल्याउन चेतावनी

वर्तमान सरकारले धूलो दूध आयात गर्न दिन लागेको सुन्नमा आएकाले आफूहरूको त्यसको विरोधमा उत्रिने उनै पूर्वकृषिमन्त्री पराजुलीले बताए । भारतबाट दूध ल्याउँदा सस्तो पर्ने तर नेपाली किसानहरूले उत्पादन गर्ने दूध महँगो पर्ने भएकाले व्यापारीले नेपालको दूध खरिद गर्नुभन्दा भारतबाट नै ल्याउन जोड गरिरहेको पराजुलीको तर्क छ ।

'धनगढी, कोहलपुरमा उत्पादन भएको दूध संकलन गर्ने कार्यमा डेरी उद्योगीहरूले चासो दिएका छैनन् । तर भारतबाट धूलो दूध खरिद गर्न आतुर देखिएका छन् । नेपाली किसानलाई दूधको रकम अहिलेसम्म नदिने अनि दूध अभाव भयो भन्दै भारतबाट दूध ल्याउन खोज्नु सरासर गलत हो,' पराजुलीले भने ।

राष्ट्रिय दुग्ध विकास बोर्डका निवर्तमान कार्यकारी निर्देशक बाबुकाजी पन्त पनि अहिले भारतबाट धूलो दूध आयात गर्न नपर्ने बताउँछन् । 'नेपालमै दूधको उत्पादन बढ्न थालिसकेको छ । यो अवस्थामा भारतबाट दूध किन किन्ने ?,' उनको प्रश्न छ, 'माघ फागुन महिनामा दूधको अभाव हुने संकेत थियो तर त्यसबेला पुग अपुग चल्यो । अहिले दुग्ध उत्पादक सहकारीहरूले प्रशस्त दूध उत्पादन गरिरहेकाले दूध आयात खोल्नु नेपाली किसानका लागि घातक हुन्छ ।' नेपालमै दूध उत्पादन बढिरहेको बेला धूलो दूध किन्नु ठीक नहुने उनको तर्क छ । 'अहिले दूध उत्पादन बढ्न बढिरहेको छ । यही अवस्था रहने हो भने साउनमा मिल्क होलिडे हुन सक्छ,' उनले भने ।

राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्र यादवले धूलो दूध आयात गर्ने पक्षमा आफू नभएको बताए । उनले पशु सेवा विभाग, दुग्ध विकास संस्थान, उद्योगीहरूको सर्वपक्षीय छलफलबाट आएको प्रतिवेदन मन्त्रालयका बुझाएको तर दूध आयात गर्न आफूले सहमति नदिएको बताए ।

नेपालमा आवश्यक पर्ने धूलो दूध यही उत्पादन हुने अध्ययनले देखाएको हुँदा भारतबाट धूलो दूध आयात गर्न पहल भइरहेको विषय आफूलाई जानकारी नभएको यादवको भनाइ छ । भारतबाट बटर र दूध ल्याउने विषयमा बोर्डमा पत्र आएको स्वीकार गर्दै आफू उक्त पक्षमा नभएको उनको धारणा छ ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक २९ जेष्ठ ८ गते २०८० मा प्रकाशित **Target Consultant Human Resources Pvt Ltd** को Lot No. 286281 को विज्ञापनमा कम्पनीको नाम: **H20 General Services For Buildings Co.** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।
नाम : सम्राट अधिकारी
बिमालेख नं.: ११४००१४२१
ठेगाना : गोंगबु-८, काठमाडौं
मोबाइल नं. : ९८४१३७४८६५

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।
नाम : रञ्जित लामिछाने
बिमालेख नं.: ००१००१५५८३
ठेगाना : बालकोट-५, भक्तपुर
मोबाइल नं. : ९८४१८१३१६२


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०७/१९ मा दर्ता भएको **प्रा.लि. नं. २०२०५४** को **मिलन करुणा मिनरल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Urban Development
**Department of Urban Development and Building Construction**
**Federal Project Implementation Unit (FPIU), Surkhet**

## INVITATION FOR BIDS (IFB)

***Notice No: 19-079/080***
**Date of publication:** - May 23, 2023 (2080/02/09)

1. **FPIU, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.**
2. The details of the project is as follows:

| S. N. | Contract No. | Description of Work | Major Qualification and Key Activities. | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Bid Validity/ Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | FPIU/SURKHET/ WORKS/NCB/ 41/079/080 | Assembly hall Construction Work in Bheri Municipality-1 Kalegaun Jajarkot | • Average Annual Construction Turnover Nrs. 4,54,00,000.00<br>• Similar size and nature = Nrs. 2,73,00,000.0<br>• Concrete Work M20 or Above = 167.0 cum/ year<br>• Reinforcement works= 22.0 Ton/year<br>• Brick work= 152 cum/year | 12,82,000.00 | 5000.00 | 90 days/120 days from last date of bid submission | 22 June 2023 12:00 Noon |

3. Eligible Bidders may obtain further information from PPMO's website: **www.bolpatra.gov.np/egp.**

***Project Chief***

# हटिया खाली गराउन बिर्तामोडमा चल्यो डोजर



**झापा–** बिर्तामोड नगरपालिका-५ स्थित बुधबारे हटियाका अस्थायी संरचनाहरू सोमबार डोजर लगाएर भत्काइएको छ। सो स्थानमा १९४ वटा जस्ताको छाना भएका पसलहरू सञ्चालनमा थिए । ती संरचना हटाउन नगरपालिकाले सात वटा डोजर परिचालन गरेको थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद न्यौपानेले पटकपटक सार्वजनिक सूचना गरी हटियाको संरचना खाली गरिदिन आग्रह गर्दा व्यवसायीहरूले अटेर गरेपछि सोमबार डोजर लगाएर हटाइएको बताए। हटियाको टहरालगायतका पुराना संरचना हटाएर सो स्थानमा नगरपालिकाले बहुतले बहुउद्देश्यीय व्यापारिक भवन बनाउने योजना अघि सारेको छ । नगर विकास कोषको अनुदान तथा ऋण लगानीमा व्यापारिक भवन बनाउने परियोजना स्वीकृत भइसकेको न्यौपानेले जानकारी दिए ।

सोमबार मध्याह्नदेखि डोजरले धमाधम हटियाका टहरा भत्काइरहेका छन् । सुरुमा विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी र आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष पाण्डवलाल चौधरीको नेतृत्वमा स्थानीय व्यवसायीहरूले डोजर रोक्न प्रयास गरेका थिए ।

प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले हटियाका संरचना भत्काउन स्थानीयवासीबाट कुनै अवरोध नभएको र डोजर चल्न थालेपछि आफ्ना सरसामान निकालेर लगेको बताए । विगतमा पटकपटक सार्वजनिक सूचना जारी गरेर नगरपालिकाले स्थानीय व्यवसायीलाई ती संरचना खाली गरिदिन छलफल र आह्वान गरेको थियो । तर, व्यवसायीहरूले अर्को व्यवस्था नभएसम्म नहट्ने अडान राखेका थिए ।

नगरपालिकाले अघि बढाएको बहुतले बहुउद्देश्यीय व्यापारिक भवन निर्माणमा नगर विकास कोषले ९० प्रतिशत ऋण लगानी गर्ने सहमति जनाइसकेको नगरप्रमुख पवित्रा महतरा प्रसाईंले बताए । डोजर चलाइएको स्थान वरपर ठूलो संख्यामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरी परिचालन गरिएको छ । *रासस*

# लुम्बिनीमा सरकार विस्तार तीन मन्त्रीको शपथ

**लुम्बिनी–** लुम्बिनी प्रदेश सरकारका नवनियुक्त मन्त्रीले प्रदेश प्रमुखसमक्ष शपथ लिएका छन् । नवनियुक्त मन्त्रीलाई सोमबार प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १७२ बमोजिम प्रदेश प्रमुख कार्यालयमा आयोजित शपथ ग्रहण समारोहमा पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

नेपाली कांग्रेसका राजुप्रसाद खनाललाई स्वास्थ्य, जनमत पार्टीका चन्द्रकेश गुप्तालाई सामाजिक विकास र जनता समाजवादी पार्टीका भण्डारी लाल अहिरलाई कृषि तथा भूमि व्यवस्थामन्त्रीका रूपमा शपथ लिएका हुन् ।

गत वैशाख १५ गते नियुक्त भएका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आफ्नो नेतृत्वको सरकारमा दोस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् । यसका साथै गत वैशाख १५ गते नियुक्त बिना विभागीयमन्त्रीलाई पनि मुख्यमन्त्री चौधरीले जिम्मेवारी तोकेका छन् ।

मुख्यमन्त्री चौधरीले लोकतान्त्रिक समाजवादी पार्टीका सन्तोषकुमार पाण्डेलाई आन्तरिक मामिला, कानुन तथा सहकारी र नागरिक उन्मुक्ति पार्टीका धर्मबहादुर चौधरीलाई भौतिक पूर्वाधार विकासमन्त्रीको जिम्मेवारी तोकेका छन् । सोही दिन नियुक्त नेकपा (माओवादी केन्द्र)का धनबहादुर मास्कीलाई यसअघि नै आर्थिक मामिला मन्त्रालयको जिम्मेवारी दिइएको थियो ।

कांग्रेसका डिल्ली चौधरी नेतृत्व सरकारलाई कांग्रेसका २७, माओवादीका ११, नागरिक उन्मुक्ति पार्टीका चार, जनमत पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका तीन/तीन, राष्ट्रिय जनमोर्चा, नेकपा (एकीकृत समाजवादी)का एक/एक र स्वतन्त्र एक सांसद गरी ५३ जना प्रदेशसभा सदस्यको समर्थन छ ।



### मुख्य न्यायाधिवक्ताको शपथ

लुम्बिनी प्रदेश सरकारका मुख्य न्यायाधिवक्त वरिष्ठ अधिवक्ता प्राध्यापक डा बुद्धबहादुर थापाले पनि सोमबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

मुख्यमन्त्री चौधरीको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले थापालाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेको हो । नवनियुक्त मुख्य न्यायाधिवक्ता थापालाई उच्च अदालत तुलसीपुरका कामु मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्दले प्रदेश प्रमुख कार्यालयमा आयोजित शपथग्रहण समारोहमा प्रदेश प्रमुखको उपस्थितिमा पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

बुटवल बहुमुखी क्याम्पसमा लामो समय राजनीतिशास्त्र अध्यापन गराउँदै आउनुभएका थापा नेपाल प्राध्यापक संघका पूर्वकेन्द्रीय अध्यक्ष हुन् । राजनीतिशास्त्रमा विद्यावारिधि गरेका थापाले कानुनमा स्नातक गरेका छन् ।

# स्वास्थ्य सुधार नीति ल्याउँदै बागमती सरकार

**मनहरी (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले हरेक मन्त्रालयका नीति नागरिकको स्वास्थ्य सुधार हुने खालको हुनुपर्ने बताएका छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा सोमबार यहाँ आयोजित 'स्वास्थ्य सबै नीतिमा' विषयक कार्यशाला गोष्ठीमा उनले हरेक पूर्वाधार निर्माण स्वास्थ्य क्षेत्रको सुधारका लागि लक्षित हुनुपर्ने बताए ।

मुख्यमन्त्री जमकट्टेलले स्वास्थ्य सबै नीतिमा भन्ने अवधारणाले प्रदेशको स्वास्थ्य अवस्था सुधारमा टेवा पुग्ने बताए । प्रदेशमा निर्माण भएका नीतिलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्ने उनको भनाइ थियो । नागरिकको स्वास्थ्य सुधारलाई ध्यानमा राखेर हरेक मन्त्रालयले आफ्नो योजना बनाउनुपर्नेमा मुख्यमन्त्री जमकट्टेलले जोड दिए ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले प्रदेशमा निर्माण हुने सबै नीतिमा स्वास्थ्यका सामाजिक निर्धारणलाई सम्बोधन गर्न समन्वय गर्ने, प्रदेशस्तरमा हालसम्म निर्माण भएका नीति तथा रणनीतिमा स्वास्थ्यका विषय सम्बद्ध भए नभएको बारेको विश्लेषण प्रस्तुतीकरण गर्ने र प्रदेशस्तरमा निर्माण हुने सबै नीतिमा स्वास्थ्यलाई समेट्न सम्बन्धित मन्त्रालयको प्रतिबद्धता सुनिश्चित गर्न लागिएको उल्लेख गरे ।

सो अवसरमा स्वास्थ्य क्षेत्रका विज्ञ भोगेन्द्रराज डोटेलले बागमती प्रदेशमा स्वास्थ्यसम्बन्धी विश्लेषण प्रस्तुत गरेका थिए । कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नरविक्रम थापा, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयका सचिव मोहन शाक्य, मन्त्रालयका महाशाखा प्रमुख दीपक तिवारीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GURU GRACE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ | पून स्वीकृति मिति २०८०/०२/०८ | LT. No.274197 | चलानी नं. ६०१८९९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 36 | 0 | 1500 | ४३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ | पून स्वीकृति मिति : २०८०/०२/०८ | LT. No. 263366 | चलानी नं.६०१७९५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 160 | ६८७१८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 3 | 90 | ३८६५४ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैँले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAMAD SECURITY SERVICES WLL

पुर्व स्वीकृति मिति २०७९/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०८ | LT. No. 274495 | चलानी नं. ६०१९०३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 4 | 1500 | ५४,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2700 | ९८,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २९ जेष्ठ ८ गते २०८० मा प्रकाशित **Varsha Manpower Pvt. Ltd.** को Lot No. 278238 को **Emfam Integrated Technical Services Llc** कम्पनीको विज्ञापन मा Cleaning Supervisor **को संख्या १ जना मात्र** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २९ जेष्ठ ८ गते २०८० मा प्रकाशित **Kingfisher Overseas Pvt.Ltd** को Lot No. 286400 को विज्ञापनमा कम्पनीको नाम **Al Sara Fashion Enterprise,** कामदारको पदमा Factory Workers **को संख्या २० र मासिक तलब** (RM.1500/-) **ने.रु.४३,५९५/- तथा चलानी नं:६०२०१७४५** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Kingfisher Overseas Pvt.Ltd
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JALAHMA CONSTRUCTION COMPANY

पुर्व स्वीकृति मिति: २०७९/१२/२१ | LT. No. 284013 | चलानी नं. ६०१९९४०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 20 | 0 | 1000 | ४२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INDOORS FURNITURE FACTORY WLL

पुर्व स्वीकृति मिति: २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०८ | LT. No. 285133 | चलानी नं. ६०२०००५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dec Wood Worker | 1 | 0 | 1300 | ४६,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1300 | ४६,९५५ | | | | | | | |
| 3 | Labourer | 3 | 0 | 1000 | ३६,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## शुक्लाफाँटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

झलारी, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८०।०२।०९)

यस कार्यालयबाट वार्ड न. ०९ गौशाला पूर्वाधार सुधिकरण तथा सामुदायिक पशु व्यवस्थापन निर्माण कार्यको लागि बिधुतिय खरिद प्रणालिको (इ बिडङ) माध्यमबाट मिति २०७९।१२।०८ गतेका दिन बोलपत्र आह्वान भए अनुसार उक्त ठेकाको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मूल्यांकन समितिले परीक्षण एवं मूल्यांकन गरी सिफारिस गरे अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उप-दफा (८) अनुसार न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही रही स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | SMP/2079/080/NCB/CW/23 | वार्ड न. ०९ गौशाला पूर्वाधार सुधिकरण तथा सामुदायिक पशु व्यवस्थापन निर्माण | दोगडा भुमिराज जशलिङ्ग बिल्डर्स, भिमदत्त न.पा.१५ | 1493512.28 |

कार्यालय प्रमुख



प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ऋणको भार घटाऊ

देशको अर्थतन्त्र ओरालो लाग्दो छ । लगानीको वातावरण घट्दा विकासका आयोजना ठप्प छन् । यहीबेला नेपालको सार्वजनिक ऋणको तथ्यांक सार्वजनिक भएको छ । चालु आर्थिक वर्ष २०७९/८० को आँकडा हेर्दा प्रस्ट हुन्छ– आन्तरिक ऋणले बाह्य ऋणलाई उछिनेको छ । पछिल्लो १० महिनामा सार्वजनिक ऋण २१ खर्ब ५४ करोड रूपैयाँ पुगेको छ ।

उक्त तथ्यांकलाई मान्ने हो भने नेपालको आन्तरिक ऋण १० खर्ब ८३ अर्ब ४७ रूपैयाँ रहेको छ भने बाह्य ऋण १० खर्ब ७० अर्ब ६४ करोड । यसअघि सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड रहेको थियो । पछिल्लो वैशाख मसान्तसम्ममा सरकारले दुई खर्ब ३० अर्ब २४ करोड रूपैयाँ ऋण लिएको देखिन्छ । यो अवधिमा सरकारले ८९ अर्ब ४१ करोड रूपैयाँ साँवामात्र भुक्तानी गरेको छ । यसरी हेर्दा १० महिनाको अवधिमा एक खर्ब ४० अर्ब ८३ करोड रूपैयाँले ऋण बढेको देखिन्छ ।

विभिन्न आयोजना परियोजना समयमै सुरु हुन नसक्दा सरकारले घाटा खेपिरहेको छ । कमजोर प्रगतिका कारण नेपालले बर्सेनि ब्याज बढी मात्रामा तिनुपर्दा ऋणको भार बढेको हो । यसलाई कम गर्न कुनै पनि आयोजना सुरु गर्नु झमेला नहुनेगरी प्रक्रिया पूरा गर्नुपर्ने देखिन्छ । तर, आयोजना ठेक्कामा लगाउँदा नै अनुभवीलाई नदिई आफ्नोलाई छान्ने चलन छ । यसले गर्दा सुरुबाटै आयोजनाहरू विवादमा आउँछन् । आन्दोलन हुन्छन् । दुई वर्षमा पूरा हुनुपर्ने पुल आठ वर्ष बित्दा पनि नबन्दा, पाँच वर्षमा पूरा हुनुपर्ने हाइड्रो २० वर्षमा पनि नबन्दा ऋणको बोझ बढ्न थालेको हो । मेलम्ची परियोजना यसको ज्वलन्त उदाहरण हो । समयमै आयोजना नसकिँदा ब्याजमै अर्बौं खर्चिनुपर्छ । पछिल्लो १० महिनामा आन्तरिक ऋणतर्फ ४६ अर्ब ८५ करोड रूपैयाँ ब्याज र कमिसन भुक्तानीमा १० करोड रूपैयाँ खर्च भएको छ । बाह्य ऋणको ब्याज भुक्तानीमा सात अर्ब पाँच करोड खर्च भएको छ ।

जुनसुकै सरकार आए पनि विकासको योजना अघि सार्ने तर ऋण लिएर घिउ खाने सिद्धान्त अपनाउँदै विकासे आयोजनाका लागि ऋण लिने पुरानो बानी कायमै छ । तर, राजस्व संकलन लागि सरल उपाय लागू गराउन सरकार जहिल्यै चुक्छ । यसले बर्सेनि ऋण बढाएको छ । यसलाई कम गर्न सरकारले चाँडोभन्दा चाँडो राजस्व संकलनलाई स्मार्ट विधि अपनाउने र ऋण लिएका आयोजना चाँडो सम्पन्न गरोस् ।

# ठूला माछाको गिरफ्तारी र राजनीतिक पतनको मार्ग



विष्णुप्रसाद खनाल

> नेपालको सन्दर्भमा मिश्रित जिर्वाचन प्रणालीका कारण कुनै एक दलको बहुमत नआउन अवस्था छ । यस्तो अवस्थामा स्थिर राजनीति कसरी होला ? स्थिर राजनीतिविना भ्रष्टाचार नियन्त्रण सम्भव होला ? भ्रष्टाचारले गाँजेको देशमा राजनीतिक नेतृत्व निरीह हुन्छन् । उनीहरु ठूलाठूला कुरामात्र गर्छन् । देश सञ्चालन राष्ट्रको वैधानिक संयन्त्रबाट नभई अदृश्य शक्तिले राजनीतिक नेतृत्वलाई अगाडि देखाएर गरिरहेको हुन्छ । यस्तो अवस्थामा नेतृत्व असफल हुन्छ ।

खराब नियतले आर्जन गर्ने रकम र पदको दुरूपयोगका कारण देशमा भ्रष्टाचारजन्य शृंखलाहरू बढाएका छन् । पछिल्लो समयमा नक्कली भुटानी शरणार्थी प्रकरणमा 'ठूला माछा' (उच्च तहका नेता तथा प्रशासक) हरू धमाधम समातिन थालेका छन् । नेपाली नागरिकलाई 'अनागरिक' बनाउने पछिल्लो प्रकरणमा माथिल्लो तहका नेता, चरपटक सांसद र पाँचपटक मन्त्री, उपप्रधानमन्त्री भइसकेका एमाले सचिव टोपबहादुर रायमाझीसँगै पूर्वगृहमन्त्री बालकृष्ण खाण, सरकारका बहालवाला सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई, तत्कालीन गृहमन्त्री खाणका प्रमुख स्वकीय सचिव नरेन्द्र केसी समातिएका छन् । पूर्वउपप्रधानमन्त्री रायमाझीका छोरा सन्दीप र गिरोहका सदस्यहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर थुलुङ राई, टंक गुरूङ, रामशरण केसी, गोविन्द चौधरी पनि हिरासतमा छन् । केही अधिकारीहरू अझै पनि फरार छन् ।

राज्यशक्तिको दुरूपयोग गर्दै अमेरिका पुग्ने सोच तथा लक्ष्यका साथ लागेका नेपालीहरू ठगीमा परेका छन् । यस्तो अवस्थामा राज्यको सम्बन्धित निकायले निष्पक्ष छानविन गर्नु आवश्यक छ । तर, यहाँनेर सवाल के उठन थालेको छ भने अनुसन्धान तथा छानविन गर्ने निकायमा बसेकाहरू नै भ्रष्टाचारमा मुछिन थाले भने देश आपराधिक समूहको अखडा बन्न सक्छ ।

नेपाल सरकारले तर्जुमा गरेको १५औं योजना (२०७६-८१) ले आर्थिक सुशासन तथा भ्रष्टाचारको निवारण गरी सदाचारयुक्त समाज निर्माण गर्ने सोच, भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी मर्यादित एवं स्वच्छ समाज निर्माण गर्ने लक्ष्य तथा भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभूति दिलाउने उद्देश्य तय गरिएको छ भने निर्धारित लक्ष्य, उद्देश्य तथा सोच हासिल गर्ने सवालमा विद्यमान नीति तथा कानुनमा समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्ने, भ्रष्टाचारविरूद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने, भ्रष्टाचारविरूद्ध चेतनामूलक, निरोधात्मक एवं दण्डात्मक काम कारबाहीलाई प्रभावकारी बनाउने, सार्वजनिक सेवामा लाग्ने खर्च समयावधि तथा प्रक्रिया एवं कार्यविधिको सम्बन्धमा स्पष्टता ल्याई सार्वजनिक सेवालाई जवाफदेही एवं पारदर्शी बनाउने तथा सार्वजनिक, निजी गैरसरकारी बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवा प्रवाहलाई गुणस्तरीय एवं सेवामूलक बनाउन रणनीति तय गरिएको छ । ती रणनीति पूरा गर्न सकेको खण्डमा मात्रै सुशासनले गति लिनसक्छ ।

संविधानमा एकातिर निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा, सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिने राज्यको नीतिअनुरूप कानुनी र संरचनागत व्यवस्था गरिएको छ तर त्यसको कार्यान्वयनमा भने प्रश्न चिह्न खडा भएको छ । अर्कोतिर भ्रष्टाचारविरूद्धको सयुक्त राष्ट्रसंघीय महासन्धिबमोजिम कानुनको परिमार्जन गरी सार्वजनिक, निजी, सरकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई समेत कानुनको दायरामा ल्याउन आवश्यक कानुनी व्यवस्था तर्जुमा भइरहेका छन् । समाजको आर्थिक-सामाजिक पक्षमा भ्रष्टाचारले पारिरहेको प्रतिकूल असरलाई नियन्त्रण गर्ने सम्बन्धमा विहंगम दृष्टिकोण, प्रतिबद्धता एवं सोहीबमोजिमको गतिशीलता व्यवहारमा प्रतिविम्बित हुन आवश्यक छ ।

शीर्ष नेता नै अनियमितताका कार्यमा प्रत्यक्ष संलग्न हुँदा आर्थिक अपराधविरूद्धको जनमतलाई बलियो बनाउन सकिएको छैन । यसले राजनीतिलाई पतनको मार्गतर्फ धकेल्न थालेको छ । एकातिर निजी क्षेत्रको आर्थिक अनियमितालाई कानुनी दायरामा पूर्णरूपमा ल्याउन, छानविन तथा अनुसन्धान गर्न सवल प्रणाली विकास भएको छैन । अर्कोतिर सार्वजनिक सेवा विशेषगरी खरिद तथा नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने निकायबाट सम्पादन हुने काम कारबाही पूर्णरूपमा अनलाइन प्रणालीमा ल्याउन सकेको छैन । देशका सबै स्थानीय तहमा विस्तार गरी सार्वजनिक सेवालाई अनुमानयोग्यसमेत बनाउन नसकेको अवस्था छ । यस्तो अवस्थामा एकातिर देशको सम्पत्तिको दुरूपयोग भएको छ भने आर्कोतिर यस्तो प्रवृत्ति बढ्दै गएपछि पदीय दुरूपयोगका साथै राजनीतिक दुरूपयोग हुँदै पतनको मार्गमा अग्रसर हुन्छ ।

भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिबमोजिम परिमार्जनका क्रममा रहेका कानुनले सबै तह र क्षेत्रमा हुने भ्रष्टाचारजन्य एवं अन्य आर्थिक अनियमितता अनुसन्धानको दायरा आउने सम्भावना रहेको, मुलुकको संघीय संरचनाबमोजिम सबै तहमा सवल सरकार गठन भएकोले गलत आर्थिक क्रियाकलापलाई नियन्त्रण गरी मुलुकको विकास गर्नका लागि उपयुक्त अवसर हो । त्यसैगरी भ्रष्टाचारविरूद्ध समाजमा देखिएको परिवर्तित दृष्टिकोण, संवैधानिक एवं कानुनी रूपमा सवल नियामक निकायको व्यवस्था, नागरिकमा भ्रष्टाचारविरूद्धको सशक्त चेतनाको विकास, नियामक निकायको सबलीकरण एवं अख्तियार दुरूप्रयोग अनुसन्धान आयोगको प्रादेशिक (क्षेत्रीय कार्यालय) एवं सम्पर्क कार्यालयको विस्तार अभियानलाई थप प्रभावकारीरूपमा अगाडि बढाउन आवश्यक छ ।

भ्रष्टाचारको विजारोपण उच्चपदस्थबाटै हुने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । एसिया, अफ्रिकालगायतका नयाँ प्रजातन्त्रिक देशमा प्रजातन्त्रका नाममा जनतालाई भोटको बन्धक बनाएर नेतृत्व तह नै भ्रष्टाचारमा डुबेका कैयौं उदाहरण छन् । कहीँ त राष्ट्र प्रमुख र सरकार प्रमुख पनि जेल परेका छन् । नेपालमा पनि त्यस्तो नहोला भन्न सकिन्न । एउटा नेतृत्वले देशमा भ्रष्टाचार रोक्न कति गर्न सक्छ भन्ने ज्वलन्त उदाहरण दक्षिण अफ्रिका हो । नेल्सन मण्डेलाको नेतृत्वकालमा त्यहाँ भ्रष्टाचारको कुरा सुनिएन । उनीपछिका राष्ट्रपति ज्याकोब जुमा भ्रष्टाचारमा मुछिए । त्यस्तै हालै फ्रान्सका पूर्वराष्ट्रपति निकोलास सार्कोजीलाई पनि त्यस्तै अभियोग लागेको छ । कुनै-कुनै नेताले आफ्नो पेसा नै राजनीति हो भनेको सुनियो र 'हामी जोगी हुन, राजनीति गरेका होइनौं' भन्नेहरू पनि देखियो । विशेषतः चुनावका बेला विभिन्न सहयोग कहाँबाट र कसरी आए ? आफू र आफ्ना नातेदारले प्रयोग गरेका सवारीसाधन आफ्नै आर्जनका हुन् कि कसैबाट उपहार आएका हुन् ? विभिन्न उद्योग व्यवसाय भए/गरेका लगानी आफ्नै कमाइ र पैतृक सम्पत्तिबाट हुन् कि अन्यत्रबाट ? आफ्ना र नातेदारका छोराछोरी प्रतिस्पर्धाबाट छानिएर विदेश पढ्न गएका हुन् कि विभिन्न दातृसंस्थामा भनसुन गरेर पठाएका हुन् ? यी र यस्तै विषयमा नेताहरूले सम्पत्ति छानविन तथा अनुसन्धान गरिनुपर्छ ।

नेपालको सन्दर्भमा मिश्रित जिर्वाचन प्रणालीका कारण कुनै एक दलको बहुमत नआउन अवस्था छ । यस्तो अवस्थामा स्थिर राजनीति कसरी होला ? स्थिर राजनीतिविना भ्रष्टाचार नियन्त्रण सम्भव होला ? भ्रष्टाचारले गाँजेको देशमा राजनीतिक नेतृत्व निरीह हुन्छन् । उनीहरू ठूलाठूला कुरामात्र गर्छन् । देश सञ्चालन राष्ट्रको वैधानिक संयन्त्रबाट नभई अदृश्य शक्तिले राजनीतिक नेतृत्वलाई अगाडि देखाएर गरिरहेको हुन्छ । यस्तो अवस्थामा नेतृत्व असफल हुन्छ । तर, भ्रष्टाचारको मुकुण्डोधारी शक्ति असफल हुँदैन । जो शक्तिमा पुग्छ उसैको वरिपरि घुमिरहेको हुन्छ । यस्ता कुरा साँच्चै नै देश विकास गर्छु भनेर जनताबाट चुनिएर आएका नेतृत्वले बुझ्न सक्नुपर्छ ।

हामीकहाँ एक दलले अर्को दलको सकारात्मक कदमलाई स्वीकार नगर्ने प्रवृत्ति छ । दलभित्र पनि गुट-उपगुट खडा छन् । राजनीतिक छातामुनि संस्थागतरूपमा भ्रष्टाचार मौलाएको देखिन्छ । जनताको चेतनास्तर बढेसँगै यो खराब कुरा हो भन्ने आममानिसलाई चासोको विषय बनेको छ । सदाचारी नेताप्रति सम्मानको भावना छ । भ्रष्टाचारको अभियोग लाग्ने व्यक्तिले मात्र नभएर परिवारसमेतले सामाजिक निन्दा भोग्नुपर्छ । विश्वमा धनी-गरिबबीचको खाडल विशाल छ । आगामी सन् २०३० सम्ममा संसारभरिबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य दिगो विकास लक्ष्यमा राखिएको छ । नेपालले पनि त्यो लक्ष्यलाई आफ्ना योजनाहरूमा प्राथमिकता दिएर समेटेको छ । हाम्रोमा अझै पनि २१.६ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेका छन् ।

हाम्रा नेताहरू ठूलाठूला कुरामात्र गर्छन् । देश राष्ट्रको वैधानिक संयन्त्रबाट नभई अदृश्य शक्तिबाट चलिरहेको बताइन्छ । अहिलेको नेतृत्व केवल अगाडि देखिने मात्र हुन् भन्ने आरोप केही हदसम्म सत्य पनि देखिन्छ । देशभित्र र बाहिर पनि सरकारलाई विशेष उत्सुकता साथ हेरिएको छ । गाउँघर र सहर-बजार अब सिंहदरबार घरदैलोमै आउने भयो, न्याय निसाफ घरदैलोमै पाइने भयो, नेपालको समग्र विकास द्रुतगतिमा हुने भयो भनेर सबै उत्सुक छन् । तर, सिंहदरबार गाउँ–गाउँमा पुग्दा राम्रा कुरामात्र पुग्छन् कि विगतका सिंहदरबारको भ्रष्टाचारको जालो झन् पेचिलो र कसिलो भएर पुग्छ, हेर्न बाँकी नै छ । भ्रष्टाचारविरुद्धका काम कारबाहीको छानविन र अनुसन्धान गर्ने, सक्षम निकायको स्थापना, राजनीतिक दलको खर्चमा स्पष्टता र पारदर्शिताको सुनिश्चितता आवश्यक छ ।

भ्रष्टाचारसम्बन्धी कार्यलाई अपराधको रूपमा स्थापित गर्नेः महासन्धिले सरकारी तथा निजी क्षेत्रमा हुने भष्टचारलाई परिभाषित गर्दै, कडा कानुनी सजायको व्यवस्था गर्न आवश्यक छ ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।


अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः







वैकुण्ठ भण्डारी

# फेरि एक पटक अमेरिका जान मन लाग्यो

नागरिकको पहिचान नागरिकता । त्यही नागरिकता पाउनका लागि नेपाली सिमाना नजिक बसोबास गर्ने छिमेकी देश भारतका कतिपय मानिसहरूले नेपाली नागरिकता बनाउने चर्चा बेला बखतमा हुने गरेको छ । अहिले पनि तराईका २२ जिल्लाको सीमामा बसोबास गर्ने अधिकांश भारतीय नागरिकहरूसँग नेपालको नागरिकता छ । उनीहरूसँग भारतको नागरिकता पनि छ । उनीहरू दुवै देशका नागरिक ! नेपाल आउँदा यताको भारत जाँदा उताको नागरिक क्या गज्जब छ ।

२०७२ सालतिर पूर्वकृषिमन्त्री करिमा बेगमलाई भारतीय नागरिकलाई नेपाली सिफारिस गरेकै नागरिकता बनाइदिएका कारण पर्सा जिल्ला अदालतले २० हजार जरिवाना गऱ्यो ।

तर, अहिले अवस्था फेरिएको छ । भारत तथा तिब्बतका नागरिकहरू नेपाली नागरिकता लिन जति पनि पैसा खर्च गर्छन् त्यस्तै नेपाली नागरिक भुटानी शरणार्थी बनेर होस् कि विगतमा माओवादी पीडित बनेर अमेरिकन नागरिक बन्ने उत्तिकै छन् ।

मटचाङ्ग्राको दिमागमा के परेछ कुन्नि अचेल अमेरिकन बन्ने भूत सवार भएको छ । उठ्दा बस्दा होस् कि सुतेको बेलामा सपना देख्दा पनि अमेरिकन नागरिक भएको सपना पो देख्न थाल्या छ । नदेखोस् पनि किन ? मान्छेहरू घरखेत नै बेचेर रित्तो बनी जंगलै जंगलको बाटो, भोक प्यास केही नभनि पैदल नै गएको धाक दिन्छन् । हुँदाहुँदा आफ्नो देशको नागरिकता नै त्यागेर लाखौं खर्चेर भुटानी शरणार्थी बनेर त जान्छन् । अनि मटचाङ्ग्रालाई अमेरिका जान मन किन नलागोस् । मटचाङ्ग्रालाई फेरि एकपटक अमेरिका जाने मनले निकै तै तताएको छ । त्यही भएर उसको मुखमा एउटा सम्वाद सधैं झुण्डिइ नै रहन्छ कि 'फेरि एक पटक अमेरिका जान मन लाग्यो ।'

मटचाङ्ग्रालाई अमेरिका जान मन लागेपछि उसका साथीभाइले 'ट्रिट ख्वाएछन्' त्यो पनि चानचुने ठाउँमा हो र ? ठमेलको मस्तानामा । केटो अमेरिका पो जाँदै छ त ? पहिले पनि गएर आको फेरि जान मन लाग्या छ । अब ऊ मटचाङ्ग्रो अमेरिकन नागरिक बन्छ । साथीहरू 'ट्रिट' ख्याउँदा-ख्वाउँदै आफैं ट्रिपमा पुगिसके । ठमेलको क्लबमा पुगेपछि ट्रिपमा केटाहरू झ्याप । नहुन् पनि किन ? मटचाङ्ग्रोलाई फेरि पनि अमेरिका जान मन लाग्या छ ।

साथीहरू रमरममा छन्, सेता स्याप्रामा जूनकीरीहरूले घेरा हाले बसेका छन् । मटचाङ्ग्रालाई अमेरिका जान मन लागेर ट्रिपमा टोली झ्याप हुने बेला भइसक्यो । जूनकीरीहरू तिर हान्दै छन् । जूनकीरीहरूका लागि यो नियमित क्रिया नै हो । दैनिक दर्जनौं ट्रिपमा झ्याप हुनेहरूलाई जूनकीरीहरूको मधुर उज्यालो आफ्नो सेता स्याप्रामा लिपिक्कै टाँसिदिएपछि त स्वर्ग नै पुग्छन् । त्यसपछि पो सुरु हुन्छ कथा ।

जूनकीरीहरूले हरेकलाई अंकमालमा झुण्डयाएका छन् । मटचाङ्ग्राले गफ दिनु दिएको छ । उसको गफ सुनेर एउटा जूनकीरीलाई अहिले नै उहीसँग पो हिड्न मन लागिसक्यो गाँठे । दिनुको पनि सीमा हुन्छ नि ? मटचाङ्ग्रा रमरममा जूनकीरीको गाला मुसार्दै भन्छ, 'साला यस्तो देशमा बसेर पनि हुन्छ मलाई फेरि एकपटक अमेरिका जान त्यसै मन लागेको हो र !' मानौं ऊ पटकपटक अमेरिका बसेर अमेरिकन स्वाद वर्णन गरिरहेको छ ।

अरु दंग छन् । सबै लोलाइसके । जूनकीरीहरू राम्रै हात परेकोमा सोचमा फूर्तिलोसँग जे-जे गरे पनि खुसीका तरंग पस्किरहेका छन् । एउटी जूनकीरीले मटचाङ्ग्राका चिउँडोमा च्याप्प समाउँदै भन्छे, 'भनन राजा साँच्चै किन अमेरिका जान मन लागेको ? मिल्छ भने मलाई नि लैजाऊ न ।' मधुर मुस्कान दिन्छे !

चिउँडोमा समातेर जूनकीरीले राजा भन्दिएपछि रमरम भएका ठेट्नाहरूलाई के चाहियो र ! गफ दिन थालिहाल्छ । यो देशमा के छ र बस्ने । के सुविधा छ र बस्ने । सरकार छ र यहाँ बस्न ? खै रोजगारी ? खै सुरक्षा ? खै आत्मनिर्भरता ? बुढा नेताहरू पाल्नमात्र यहाँ बस्ने ? उल्टै प्रश्न गर्छ । अनि भन्छ वा त्यो अमेरिका, यो सहर, त्यहाँको काम, हरेक हप्ता तलव त्यो पनि डलरमा । त्यो पो जिन्दगी । त्यस्तै नागरिकता त्यागेर अमेरिका भासिँदै छन् टोली ?

गफ यसरी दियो कि मानौं । अमेरिका स्वर्ग हो नेपाल त नेताहरूकै कारण नर्क बन्दै छ । हुन पनि त्यस्तै देखिएको छ । सुरमा भन्छ । यस्तो पनि हुन्छ ? एउटा नेपाली मान्छे पचासौं लाख मन्त्री सचिवलाई बुझाएर शरणार्थी भएर अमेरिकन बन्न चाहिरहेको छ । किन ? नेताले बुझ्नु पर्दैन ? केटाहरू विदेश जान लागे भनेर लाखौं रूपैयाँ नक्कली शरणार्थी बनाउन लिने कि देश किन छाड्न लाग्यौं । नागरिकता किन त्याग्न लाग्यो भनेर रोक्ने हँ ?

झ्यापमा भए पनि राम्रै गफ मटचाङ्ग्राले दिइरहेको छ । एउटा भारतीय वा तिब्बतीय नागरिकलाई नेपाली नागरिक बनाउन खुसी हुने अनि नेपाली नागरिकले नागरिकता त्याग्दा पनि किन त्याग्दै छन् भन्नुको सट्टा नोटका बिटामा अर्के देशको नागरिक बनाइदिने ? वा क्या जनप्रतिनिधि रोजेका छौं हामीले मटचाङ्ग्राले जूनकीरीलाई समेत गफ दिन थाल्छ । त्यसै त्याग्छन् नेपाली नागरिकता ? कुनै बेला रवि लामिछाने त्यागेर गएको हैन ? उसलाई पनि एक पटक नेपाल आउन मल लागेर पो आएको त ? त्यही भएर मलाई पनि एक पटक फेरि अमेरिका जान मन लाग्यो । त्यहाँ सब चिज छ । दाम, काम । केहीको चिन्ता लिनु पर्दैन । न कामको न दामको । यहाँ जस्तो आफूले कमाएर नेता पनि पाल्नु पर्दैन । अमेरिका भनेको अमेरिका नै हो । कम्तीमा आफ्नो नागरिकका लागि केही त गर्छ ? तर, यो देशका नेताहरू आफ्नो नागरिकलाई अर्कै देशको भनेर नागरिकता बेचिदिन्छ । त्यही भएर मलाई एक पटक फेरि अमेरिका जान मन लागेको छ ।

मटचाङ्ग्राको कुराले निकै प्रभावित भएर होला तीन खोका हानिसकेकी जूनकीरी सेता स्याप्रामा मटचाङ्ग्रालाई तानेर भन्छे साँच्चै तपाईं कहिले फर्कनुभएको अमेरिकाबाट मलाई नि लैजानुस् न प्लिज म जे गर्न पनि तयार छु ।

जूनकीरीको कुरा सुनेर झ्यापमा मटचाङ्ग्रो भन्छ, म तिमीलाई लैजान सक्दिन तिमीलाई नागरिकता त्याग्न लगाएर अर्काको देश अमेरिकामा लैजाँदा पाप लाग्छ । म आफैंलाई पटकपटक अमेरिका जान मन लाग्नेमात्र हो । अहिले पनि फेरि एक पटक अमेरिका जान मन लागेको मात्र हो । पहिले पनि अमेरिका जान मन लागेको थियो । मलाई मन मात्र लाग्ने हो ? जूनकीरी ट्वाँ !

### जनप्रतिनिधिको एक वर्ष

# कामबाट सन्तुष्ट तर समन्वयमा तिक्तता

■ झलनाथ खनाल

**भजनी–** स्थानीय तहको दोस्रो निर्वाचन भएको एक वर्ष पूरा भएको छ । अहिले निर्वाचित जनप्रतिनिधिले एक वर्षे कार्यकाल पूरा गरिसकेका छन् तर निर्वाचनका बेलामा नागरिकमा बाँडिएका आश्वासन पूरा नगरेको र जनताको जनभावनाअनुसार काम गर्न नसकेको स्थानीयवासीको गुनासो छ ।

नागरिक विश्वस्त हुनेगरी जनप्रतिनिधिले काम गर्न नसकेको भन्दै विगतका र अहिलेका नेतृत्वले गरेको कामको तुलना गर्दा खासै फरक नभएको आबाज पनि उठ्न थालेको छ । स्थानीय तहको नेतृत्व गरिरहेका जनप्रतिनिधि भने आफ्नो कार्यकालको पहिलो वर्षमा थुप्रै काम गर्न सफल भएको बताउँदै आएका छन् । उनीहरूले स्थानीय तहमा विकास र समृद्धिको जग बसालेको र त्यसलाई पूर्ण गर्न समय लाग्ने बताए ।

टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारुले नागरिकको जनभावनाअनुसार काम गर्न नसकिएको बताए । उनले केही राम्रा कामको सुरुआत भए पनि नागरिकले तत्काल नतिजा खोज्दा त्यस्तो हुन पुगेको चर्चा गरे ।

'सुरुआती चरणमा छौं । धेरै कुराको तालमेल नमिल्दा पनि महसुस हुनेगरी कामको नतिजा एकै वर्षमा देखाउन सकिएको छैन,' नगरप्रमुख थारुले भने, 'स्थानीय तहसँग संघ र प्रदेशको तालमेल नमिल्दा पनि समस्या भएको छ । हामी वैशाखमा सबै काम सम्पन्न गर्ने योजनामा हुन्छौं तर प्रदेश र संघका योजनाको प्रक्रिया वैशाखमा सुरु हुन्छ । अनि कसरी फलदायी काम हुनसक्छ ?'

भजनी नगरपालिकाका प्रमुख केवल चौधरीले नगरपालिकामा एक वर्षमा थुप्रै काम भएको जिकिर गरे । जनताको चाहनाअनुसार आफू निर्वाचनको समयमा बोलेका कुरालाई पूरा उन्मुख भएको उनको भनाइ थियो ।

'नागरिकहरूका अपेक्षा धेरै भएको तर हाम्रा स्रोतसाधनको सीमितताले पक्कै पनि नागरिकको अपेक्षाअनुसार काम नभएको हुनसक्छ,' नगरप्रमुख चौधरीले भने, 'तर, हाम्रा तर्फबाट थुप्रै कामको सुरुआत गरिएको छ । त्यसको परिणाम अहिले नै देखिने स्थिति नभए पनि बाँकी चार वर्षमा नागरिकलाई महसुस हुनेगरी कामको थालनी भएको छ ।' उनले भजनी बाढीप्रभावित क्षेत्र भएकाले विपत् व्यवस्थापन, शिक्षामा सबैको सहभागिता र स्वस्थ्य क्षेत्रमा सबैको पहुँचका लागि नगरपालिकाले प्राथमिकताका साथ काम गर्दै आएको बताए ।

जानकी गाउँपालिकाका अध्यक्ष गणेश चौधरीले अहिले नै कामको मूल्यंकन गरिहाल्नुपर्ने स्थिति नभइसकेको बताए । उनले पहिलो वर्षमा नागरिकका माझमा कबुल गरिएका विषयको जग बसाल्न सफल भएको बताए । अध्यक्ष चौधरीले कुनै पनि काम गर्न सहज नहुने तर चुनौतीलाई सामना गरी योजनालाई सफल बनाउन गाउँपालिका क्रियाशील भएर लागेको बताए ।

जोशीपुर गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरीले अहिले नै नतिजा खोज्ने समय नभए पनि एक वर्षमा गरिएका कामको उपलब्धिले जनतामा विश्वास बढाएको बताए । उनले पनि गरिएका कामको नतिजा आइनसकेको बताए । 'नागरिक सन्तुष्ट हुनेगरी हाम्रा कार्य अगाडि बढेका छन् । नागरिकलाई त्यसको अनुभूति हुने समय भने भइसकेको छैन,' अध्यक्ष चौधरीले भने, 'अनुभूति गराउन समय लाग्छ । हाम्रो कार्यकालमा हामीले बोलेका मुलभूत कुरालाई पूरा गर्छौं ।'

लम्कीचुहा नगरपालिकाकी प्रमुख सुशीला शाहीले बजेटको संकुचनले सोचेजस्तो उपलब्धि हासिल गर्न नसकिएको बताइन् । उक्त नगरपालिकामा एक वर्षमा बादी बस्तीमा लालपुर्जा वितरण, शिविर बस्तीमा आठवटा घर निर्माणलगायत केही उल्लेखनीय काम भए पनि नेतृत्वमा आएको दिनदेखि प्रयास गरेको ट्रमा सेन्टर स्थापनाको कामलाई जग्गाको अभावका कारण पूरा गर्न नसकिएको उनको भनाइ थियो । 'काम गर्नुपर्ने धेरै छ । नागरिकाको अपेक्षा पनि धेरै छ । त्यो अपेक्षा पूरा गर्न समय पक्कै लाग्छ,' नगरप्रमुख शाहीले भनिन्, 'अहिले संघीय सरकारले कटौती गरेको बजेटले पनि काममा समस्या भएको छ । अर्को समस्या जनप्रतिनिधि र कर्मचारी बीचको समन्वयमा देखिएको उल्झन पनि छ ।' जनप्रतिनिधिले बनाएको नीतिलाई कर्मचारीले सहजरूपमा कार्यान्वयन नगर्दा थुप्रै कामको नतिजा नदेखिएको गुनासो गर्दै उनले गत आर्थिक वर्ष कर्मचारीले बजेट कार्यान्वयनमा गरेको आनाकानीले नगरपालिकाको साढे १३ करोड रूपैयाँ बजेट फ्रिज भएको थियो । *रासस*

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०२/०९**

यस कम्पनीको मिति २०८०/०१/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **दृश्य एजुकेशन प्रा.लि., का.म.न.पा २९ ठेगाना** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि., का.म.न.पा २८** (परिवर्तित नाम र ठेगाना) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०१/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि.(प्रा.लि.नं.८४२०१/०७७/०६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनी उद्योग दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

**प्रथमपटक प्रकाशित मिति: २०८०/०२/०९**

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा लि नं. ७२८५३/२०६६/२०६७ को **क्रियटिभ ओमन डेभलपमेण्ट ह्याण्डीक्राफट् प्रा. लि.** को मिति २०७९।१२।३० गतेमा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोही कसैलाई कुनै किसिमको लेनदेन बांकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा सर्म्पक गरी हक दावी गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना जारी गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको खारेजीको प्रकृया अगाडी बडाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटर हिम लाल गिरी**
**ठेगाना : काठमाण्डौं का.म.न.पा. १६ म्हेपी**
इजाजत पत्र नम्बर ५३०
फोन नम्बर ९८४९८३४७८८


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०८ LT. No. 280347 चलानी नं.६०१९५८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 25 | 0 | 1800 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८० जेष्ठ २२ गते (4th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com


# Maulapur Municiplity
## Office Of Municipal Executive
**Pataura, Rautahat**
**Madhesh Province, Nepal**

## Invitation for Bids for the supply and delivery of Hardtop Jeep

***First Published Date: 2080-02-09***

1. Maulapur Municiplity, Office of Municipal Executive, Pataura, Rautahat invites electronic bids from eligible bidders for the procurement of following equipment under National competition Bidding (NCB) of Single stage single envelope Procedure.

| Contract Identification No. | Description | Quantity | Bidding Document cost, Nrs | Bid Security, Nrs | Remark |
|---|---|---|---|---|---|
| 02/2079/080 | **Hardtop Jeep** | 1 | 3000.00 | 2,00,000.00 | All others not mentioned in description will be as per approved technical specification |

Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Maulapur Municipal Executive or may visit e-GP system www.bolpatra.gov.np/egp

2. Electronic Bidding Document is available online and can be downloaded on or before 12:00 Hours on 31st day from the date of publication. Documents received after this deadline shall not be accepted on 31st day from the date of publication.
3. The Bidder shall be required to deposit the non-refundable fee of NRs. 3,000 in the Internal Revenue account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.

   **Information to deposit the cost of Bidding Document in Bank:**
   Name of Bank: **Rastriya Banijya Bank, Maulapur Branch, Rautahat**
   Name of office: **Office of Maulapur Municipal Executive, Pataura, Rautahat**
   **Rajaswa** (Internal Revenue) account no**: 1890100301010002**
4. Bidder Shall submit the electronic bid through website http://www.bolpatra.gov.np/egp on or before 12:00 hours on or before 31st day from the date of publication as specified in the Instructions to Bidders. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of Bidders' representatives who choose to attend at the address above at 14:00 Hours on 31st day from the date of publication .
5. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Office Of Maulapur Municipal reserves the right to amend and correct at any time. The figure for the bid amount must be clear if any discrepancy may occur then the figure written in word is valid.
6. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at **(dharauti account No.** 1890100303000002**) on behalf of** of Office of Maulapur Municipal Executive, Pataura, ***Rauthat*** at Rastriya Banijya Bank, Maulapur Branch, Rauthat or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be ***valid for minimum 30 days*** beyond the bid validity period.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
9. Office of Maulapur Municipal Executive reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.

***Chief Administrative Officer***


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN GROUP

पूर्व स्वीकृति मिति २०७८/०८/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/०८ LT. No. 251254 चलानी नं. ६०१९२४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 19 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/०८ LT. No. 257820 चलानी नं. ६०२००७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NORMAL FACTOR (LABOR) | 100 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOO SIM SIONG SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT. No. 286039 चलानी नं. ६०२०१८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 8 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८० जेष्ठ १६ गते (30th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

# प्रभाव दैनिक





## 'दिमाग खराब' को छायांकन सुरू

निश्चल बस्नेतको निर्देशन रहने फिल्म 'दिमाग खराब' को छायांकन सुरू भएको छ । सोमबार काठमाडौँको बुढानीलकण्ठ मन्दिरमा फिल्मको मुहूर्त गर्दै काभ्रेबाट छायांकन सुरू गरेको हो । ३५ दिनको सेड्युलसहित सुरु भएको फिल्म जनता र शक्तिको कथामा बन्नेछ । निर्देशक बस्नेत ६ वर्षपछि निर्देशनमा देखिन लागेका हुन् । बस्नेतले पछिल्लो समय सन् २०१७ 'लुट २' निर्देशन गरेका थिए । फिल्म रिलिज मिति आगामी कात्तिक २४ बताइएको छ । आकाश बरालको पटकथा लेखन रहेको फिल्ममा खगे लामिछाने, दयाहाङ राई, अर्पण थापा, स्वस्तिमा खड्का र विजय बराल मुख्य भूमिकामा छन् ।




मंगलबार, ९ जेठ २०८० (Tuesday, May 23, 2023)


# 'बाटो : रोड टु डेथ'को ट्रेलर




■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'बाटो : रोड टु डेथ'को अंग्रेजी ट्रेलर सार्वजनिक गरिएको छ । केही अगाडि सार्वजनिक नेपाली ट्रेलरको राम्रो चर्चापछि निर्माण युनिटले अंग्रेजी ट्रेलर ल्याएको हो । यो ट्रेलरमा पनि साइकोटिक कल्ट ग्याङलाई भयानक खलनायकको रूपमा देखाइएको छ । ट्रेलरमा फिल्म भित्रको कथा भने केही पनि खुलाइएको छैन । ट्रेलर हेर्दा निकै आकर्षक छ ।

साउथ इन्डियन (दक्षिण भारतिय) शैलीमै साउथकै टिमबाट निर्माण भएको नेपाली रोड थ्रिलर फिल्म 'बाटो : रोड टु डेथ' फष्टलुकले राम्रै चर्चा पाएको थियो । काठमाडौं फिल्मस् प्रालीको ब्यानरमा निर्माण भएको फिल्मका लेखक तथा निर्देशक मदन थापा र छायाँकार शरण ऋषि हुन् । निर्देशक थापा तथा छायांकार ऋषि भारतको चेन्नइ फिल्म उद्योगमा चर्चित व्यक्तित्व हुन् ।

भारतको चेन्नाइमा उत्कृष्ट प्राबिधिक कार्यभइरहेको फिल्म नेपाली, अंग्रेजी, तमिल र हिन्दी गरेर छुट्टाछुट्टै ४ भाषामा तयार हुनेछ । फिल्ममा मिथिला शर्मा, रक्षा थापा, सुलक्षण भारती, उत्पल झा, विजय ताम्राकार लगायतको मुख्य भूमिका देख्न सकिन्छ । फिल्मका निर्माता चन्दन झा हुन् । निर्माता झाँ काठमाडौं फिल्मका फाउन्डर समेत हुन् । काठमाडौंका विभिन्न स्थानको अलवा उदयपुरको गाइघाटमा छायांकन भएको फिल्मको रिलिज मिति अहिले सार्वजनिक गरिएको छैन । फिल्म डब्बी एटमस साउन्डमा तयार हुनेछ । डब्बी एटमस साउन्ड सिष्टममा नेपालमा पहिलो पटक फिल्म तयार हुन लागेको हो । फिलमको प्रदर्शन मिति छिट्टै सार्वजनिक हुने निर्माण युनिटले जनाएको छ ।

# अभिनेता आदित्य सिंह राजपूतको मृत्यु

■ एजेन्सी

**मुम्बई–** अभिनेता आदित्य सिंह राजपूतको निधन भएको छ । उनको मृत्युको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ । आदित्य सिंह राजपूतको शव मुम्बईको अँधेरीस्थित अपार्टमेन्टमा भेटिएको मुम्बई प्रहरीले जनाएको छ । उनको शव पोस्टमार्टमका लागि पठाइएको प्रहरीले जनाएको छ । उनको मृत्युको कारण पोस्टमार्टमपछि थाहा हुनेछ ।

मिडिया रिपोर्टका अनुसार भवनको चौकीदारले आदित्य सिंह राजपूतलाई अस्पताल पुऱ्याए जहाँ चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । उनी विगत केही दिनदेखि ग्यास्ट्रिकको समस्याबाट पीडित रहेको नजिकका आफन्तले बताएका छन् । ९ अगस्ट १९९० मा उत्तराखण्डमा जन्मेका आदित्य सिंह राजपूतले आफ्नो करियर मोडलिङबाट सुरु गरेका थिए । पछि उनले चलचित्र र टिभी कार्यक्रममा पनि काम गरे । उनले 'स्प्लिट्सभिला' बाट चर्चा पाए । उनी कास्टिङ डायरेक्टर पनि थिए ।



आदित्यले सानैदेखि काम गर्न थालेका थिए । उनी टिभी विज्ञापन, टिभी सिरियल र चलचित्रमा स-साना भूमिका खेल्थे । सन् २००८ मा उनले अजय देवगन र काजोलको फिल्म 'यू मी और हम' मा पनि काम गरे । टिभीमा 'प्यार तुने क्या किया', 'ये है आशिकी' र 'स्प्लिट्सभिला' समावेश छन् । उनको परिवार आमा र बहिनी छन् । उनका बुवा नरेन्द्र सिंहको निधन भइसकेको छ ।

## संगीतको नशामा मग्न

# निमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाली तथा तामाङ सेलोका चर्चित गायक हुन् निमा पाख्रिन लामा । एक दशक अघि 'मेरो सम्झनामा तिमी'बोलको गीतबाट गायन यात्रामा लागेका उनी पछिल्लो समयका चर्चित गायक तथा मोडल हुन् । उनलाई आफ्नै तामाङ भाषाको गीत गाउने बढि अवसरहरू आउने गरेका छन् । नेपाली र तामाङ भाषाका गीत बराबरी जस्तो नै गाएका निमाले दुई दर्जन भन्दा बढि गीतमा आफ्नो स्वर भरेका छन् ।

सांगीतिक क्षेत्रमा निमाका नामले परिचित उनको नागरिकतामा भने नाम दिल बहादुर तामाङ रहेको छ । सिन्धुपाल्चोक जिल्लामा जन्मिएका लामाले केहि गीतको भिडियोहरूमा अभिनय पनि गरिसकेका छन् । उनका अनुसार अभिनयमा निमाको सानैदेखिको सौख हो । उनी अभिनयका अलवा संगीत तथा शब्द समेत कोर्ने गरेका छन् । 'मेरो सम्झनामा तिमी, बाट सुरु गरेर, आउ आउ कान्छि, तुम्बाको तातो पानी, माथी माथी, देखेको आजै, सेलो तथा नेपाली भाषाका गीतहरूमा उनले स्वर भरेका छन् ।



उनी भन्छन्: 'पछिल्लो समय गीतसंगीतमा अत्यन्तै व्यस्त रहेको छु । एउटा 'हिमाली खर्क' बोलको गीत केहि दिन अघिमात्रै रिलिज गरेको छु । यसैको प्रमोसनमा पनि व्यस्त छु । यसको प्रचारप्रसारमा समेत दौडिरहेको हुनाले अलिक व्यस्तता बढेको हो।'

कतिपय कलाकारहरू पहिला एल्बम निकालेर संगीत सिक्ने गरेका छन् । तर, उनी भने पहिला संगीत सिकेर एल्बम निकाल्नुपर्छ भन्ने धारणा राख्दछन् । स्कुल पढ्दाका समयमा रेडियोबाट बजेका गीत सुनेर गाउँथें । गीत गाउँदाखेरि हरेक साथीभाई स्कुलका सरमिसले उनको गायनको तारिफ गर्ने गरेको निमा सुनाउँछन् ।

उनी भन्छन्: 'गायनमा आउने हरेक मान्छेले संगीत सिक्नु त महत्वपुर्ण हुन्छ । साधना बिना त के गायनमा आउने र यसैलाई आफ्नो पेशा बनाउछु भन्नु दिवा सपना मात्रै हुन्छ । त्यस कारण म भन्छु संगीत नसिकेको मान्छे छिट्टै चर्चामा आउछन् हराई जान्छन् । भोकल सिकेर आएको मान्छे सदावहार चर्चामा हुन्छन् ।'

उनले बाल्यकालको कुरा सम्झँदै भने: 'मैले थाहा पाउँदा नेपालमा रेडियो खुब सुन्ने गरिन्थ्यो । रेडियोहरूको त्यो समयमा अत्यन्त चर्चा थियो । त्यहि रेडियोमा बजेका गीतहरू सुनेर मैले गायक बन्ने सपना बुनेको थिए । अहिले त्यहि सपना पुरा गर्न काठमाडौंमा संघर्ष गरिरहेको छु ।'

गायनमा लाग्ने समयमा उनलाई घरपरिवार र आफन्तबाट सपोर्ट नै थिएन । दाजुभाईबाट उनलाई कुनै हौसलाका शब्दहरू निस्किएनन् । तर, उनलाई पैसा भन्दा पनि गायक बन्छु भन्ने सपना पुरा गर्न कसैले रोकेन । उनको निरन्तरता र गायनको साधानाले परिचित बनेका छन् ।

देशका विभिन्न स्थानमा हुने सांगितिक कार्यक्रममा सहभागी हुँदै आएका गायक निमालाई उनकी श्रीमतीले समेत सपोर्ट गर्दै आइरहेकी छन् । श्रीमानको सफलतामा श्रीमतीको ठुलो भुमिका हुन्छ भने झैँ निमालाई पनि उस्तै सपोर्ट मिलिरहेको छ । अवका दिनमा समेत गीत संगीतमा नै लाग्ने उनको अठोट छ । गायन पेसालाई अँगाली रहेको लामा संगीत आफ्नो नशा नशामा बगिरहेको सुनाउँछन् ।



## काभा महिला भलिबल च्यालेन्ज कप सुरु

# किर्गिस्तानविरुद्ध नेपालको सहज जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भलिबल संघको आयोजनामा सेन्ट्रल एशियन भलिबल एसोशियसन (काभा) महिला भलिबल च्यालेन्ज कप २०२३ सोमबारबाट सुरु भएको छ । च्याम्पियनसिपको प्रधानमन्त्री पुष्प कमल दाहालले च्याम्पियनसिप सुरु भएको घोषणा गर्दै उद्घाटन गरे ।

च्याम्पियनसिपको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले आजैका दिन २०७४ साल जेष्ठ ८ (२२ मे २०१७) मा आफ्नै पालामा राष्ट्रिय खेलको रूपमा भलिबल चयन गरिएकोमा सोहि दिन पारेर सोमबार सेन्ट्रल एशियन प्रतियोगिता नेपालमा आयोजना हुनुले आफुलाई निकैनै खुशी दिलाएको बताए ।

उनले भलिबलको विकासमा आफु सदा सहयोग गर्न तयार रहेको बताए । सोहि क्रममा प्रधानमन्त्री दाहालले केक काटेर राष्ट्रिय खेल भलिबलको जन्म दिवस मनाएका थिए ।

नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले नेपालले यस प्रतियोगिता ल्याउने क्रममा बिदेशी संस्थाले नेपालमा बतानुकुलित कभर्डहल भए नभएको बारे जानकारी लिएको भन्दै राष्ट्रिय खेल भलिबल घोषणा गर्ने सरकाका प्रधानमन्त्री अहिले पनि प्रधानमन्त्रीनै भएको अवस्थामा बातानुकुलित एक कभर्डहल बनाउन आशा व्यक्त गरे ।

कार्यक्रममा खेलाडीको तर्फबाट नेपाली भलिबल टिमकी कप्तान अरुणा शाही र निर्णायकहरूको तर्फबाट अन्तर्राष्ट्रिय रेफ्रि गौतम प्रसाद लासिवाले अन्तराष्ट्रिय नियमानुसार खेल्ने र खेलाउने सपथ खाएका थिए ।

प्रमुख अतिथी प्रधानमन्त्री दाहालले सहभागी बिदेशी टिम र सहयोगीहरूलाई मायाको चिनो प्रदान गरेका थिए ।

### नेपाल, भारत र उज्वेकिस्तान विजयी

सेन्ट्रल एशियन भलिबल एसोशियसन (काभा) महिला भलिबल च्याम्पियनसिप २०२३ अन्तरगत समूह चरणको पहिलो खेलमा नेपालले सहज जित हात पारेको छ । उद्घाटन खेलमा नेपालले किर्गिस्तानलाई २५-११, २५-१९, २१-११ को सहज जित हात पार्दै महत्वपूर्ण तीन अंक जोडेको छ । यस्तै समूह ए को पहिलो खेलमा च्याम्पियनसिपको बलियो टिम मानिएको भारतले पनि जित निकाल्दै ३ अंक जोडेको छ । भारते बंगलादेशमाथि ३-० को सहज जित निकालेको हो । भारतले बंगलादेशलाई २५-३, २५-९, २५-६ को सहज जित हात पारेको हो ।

समूह बि को पहिलो खेलमा उज्वेकिस्तानले श्रीलंका माथि ३-० को जित निकाल्यो । पहिलो सेटमा २७-२५ को जित निकालेको उज्वेकिस्तानले दोश्रो सेटमा २५-२० र तेश्रो सेटमा २५-१४ ले पराजित गर्दै ३ अंक जोडेको हो ।

# विश्वकप छनोटका लागि नेपालको प्रारम्भिक टोली घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप छनोटका लागि प्रारम्भिक नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार विश्वकप छनोटका लागि प्रारम्भिक टोलीको घोषणा गरेको हो ।

जिम्बावेमा आयोजना हुने छनोटका लागि नेपालले २२ सदस्सीय प्रारम्भिक टोलीको घोषणा गरेको हो । नेपाली टोलीले मंगलबारबाट टिमको तयारी सुरु गर्नेछ । विश्वकप छनोट प्रतियोगितामा दश टोलीको सहभागीता रहेको छ । सहभागी दश टोलीलाई दुई समूहमा विभाजन गरिने छ । प्रतियोगिताको समूह विभाजन र खेल तालिका प्रकाशनमा आएको छैन ।




विश्वकप सुपर लिगमा पुछारको पाँचमा रहेका श्रीलंका, वेस्ट इन्डिज, जिम्बावे, आयरल्यान्ड र नेदरल्यान्ड्सले विश्वकप छनोटमा स्थान पक्का गरेका छन् । १३ राष्ट्र सहभागी सुपर लिगबाट आयोजक भारत, पाकिस्तान, अष्ट्रेलिया, न्युजिल्यान्ड, बंगलादेश, दक्षिण अफ्रिका, इंग्ल्यान्ड र अफगानिस्तान सिधा विश्वकपका लागि छनोट भईसकेका छन् । विश्वकप छनोटमा लिग टू बाट नेपाल, स्कटल्यान्ड र ओमानले स्थान बनाएका छन् । गत महिना सम्पन्न ६ देश सम्मिलित विश्वकप प्लेअफ क्वालिफायरबाट अमेरिका र युएई शीर्ष दुईमा रहँदै विश्वकप छनोटमा पुगेका छन् ।

# विकेश र अस्मितालाई स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिन्धुपाल्चोककी अस्मिता भुजेल र दोलखाका विकेश घिमिरेले दोस्रो बाग्मती प्रदेश खेलकुदको एथ्लेटिक्सतर्फ १५०० मिटर दौडमा स्वर्ण जितेका छन् । हेटौडास्थित पिप्ले क्याम्पा रंगशालामा सोमबारदेखि सुरु भएको प्रतिस्पर्धामा अस्मिता महिलातर्तफ र विकेश पुरुषतर्फ स्वर्ण विजेता हुन् । विकेशले ४ मिनेट ३३ सेकेन्ड समय लगाए । सो विधामा नुवाकोटको दिनेश राईले रजत र काठमाडौंका पवनकुमार साहले कांस्य पदक जिते ।

महिलामा स्वर्ण विजेता अस्मिताले पाँच मिनेट ३२ सेकेन्ड समय लगाइन् । रामेछापकी भगवती खड्काले रजत र दोलखाकी सोनी घोतानेले कांस्य जिते । हाइजम्पमा दोलखाकी रोजिना कार्कीले स्वर्ण प्राप्त गरिन् ।उनी १.३१ मिटर उचाई माथि उफ्रिन् ।

चितवनकी करुणा बोटले रजत र काभ्रेकी कविता गौतमले कांस्य पदक पाए । यसै विधामा पुरुषतर्फ चितवनका अविनाश सुनारले स्वर्ण जिते । उनी १.६९ मिटर उचाई उफ्रिए । सिन्धुलीका रोशनकुमार दनुवार रजत र चितवनका समीर चौधरी कांस्य पदक जित्न सफल भए । डिस्कस थ्रोमा महिलातर्फ रामेछापकी अनिता कार्कीले २१.९८ मिटर पर फ्याक्दै स्वर्ण जिते । दोलखाकी ममता सुनुवार रजत र नुवाकोटकी रोजिना राई कांस्य पदक जित्न सफल भए ।

पुरुषतर्फ भने रामेछापका रामकुमार माझीले स्वर्ण पदक प्राप्त गरे । उनले २७.७० मिटर पर फ्याके । चितवनका ललित राउत रजत र दीपेश महतो कांस्य जित्न सफल भए ।

# पपुवा न्युगिनी र अमेरिकाबीच सुरक्षा सम्झौतामा हस्ताक्षर




**पोर्ट मोरेस्बी–** पपुवा न्युगिनीले सोमबार संयुक्त राज्य अमेरिकासँग रक्षा सम्झौतामा हस्ताक्षर गरेको छ । सम्झौताले अमेरिकी सेनालाई आफ्नो हवाई क्षेत्र र बन्दरगाहहरूमा पहुँच प्रदान गरेको छ ।

वासिङ्टनले प्रशान्त क्षेत्रमा चीनको बढ्दो गतिविधिलाई लिएर चिन्ता व्यक्त गर्दै आएको समय उसले रणनीतिक सहयोगको बदलामा कूटनीतिक र वित्तीय प्रोत्साहनका साथ राष्ट्रहरूलाई आकर्षित गर्ने प्रयास गरिरहेको छ ।

राजधानी पोर्ट मोरेसबिमा दक्षिण प्रशान्त क्षेत्रका १४ टापु राष्ट्रका नेतासँग अमेरिकी बैठक सुरु हुनुअघि रक्षामन्त्री विन बकरी डाकीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग सम्झौतामा हस्ताक्षर गरेका थिए ।

'रक्षा सहयोग सम्झौता भएको बताउँदै प्रधानमन्त्री जेम्स मारापेले हस्ताक्षर समारोहमा भने, 'प्रशान्त टापुले संयुक्त राज्य अमेरिकासँग आफ्नो सम्बन्धलाई 'उच्च' बनाइरहेको छ ।' ब्लिन्केनका अनुसार दुवै देशले एकअर्काको जहाजको प्रयोग गर्न, प्राविधिक विशेषज्ञता आदानप्रदान गर्न र समुद्रमा 'राम्रो गस्ती' गर्न सक्ने छन् ।

उनले भने, 'हामी भविष्यलाई आकार दिन सँगै काम गरिरहेका छौं । हामी हाम्रो साझेदारीलाई अर्को स्तरमा पुऱ्याउन निकै उत्सुक छौं ।' दक्षिण प्रशान्त क्षेत्रमा बढ्दो प्रतिद्वन्द्विताको संकेतस्वरूप ब्लिन्केन बेइजिङको बढ्दो आर्थिक, राजनीतिक र सैन्य उपस्थितिको सामना गर्ने उद्देश्यले प्रमुख शक्तिहरूको एक्लै प्रतिनिधित्व गरेका थिएन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो शिखर सम्मेलनको पूर्वसन्ध्यामा आफूभन्दा केही घण्टाअघि नै चीनको उदयमा क्षेत्रीय शक्तिका रूपमा आफ्नो देशको भूमिका रहेको बताएका थिए ।

